का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक २०४
- २३ भदौ २०७८, बुधबार
- 8 September 2021, Wednesday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढनका लागि QR कोड स्क्यान गर्नुहोला ।

ओलीको सन्देश

# दश बुँदे कार्यान्वयन हुँदैन

नेकपा (एकीकृत समाजवादी) नगएर नेकपा एमालेमा बस्ने नेताहरुका लागि गरिएको दश बुँदे सहमति कार्यान्वयनको निर्णय जस्ताको तस्तै कार्यान्वयन नहुने अध्यक्ष केपी शर्मा ओलीले सन्देश दिएका छन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २२ भदौ ।

नेकपा एमाले विभाजित भइरहँदा नेकपा (एकीकृत समाजवादी) तिर नगएकाहरुसँग भएको दश बुँदे सहमति जस्ताको तस्तै कार्यान्वयन नहुने अध्यक्ष केपी शर्मा ओलीले सन्देश दिएका छन् । यसअघि महासचिव ईश्वर पोखरेलले दश बुँदे कार्यान्वयन नहुने बताएका थिए । तर ८ भदौको स्थायी कमिटी र १० भदौको केन्द्रीय कमिटी बैठकले गरेको निर्णय अनुसार दश बुँदे कार्यान्वयन गर्नुपर्ने एमालेमै बसेका नेताहरुको अडान छ ।

नयाँ दल नगएर सात पदाधिकारी सहित दश स्थायी कमिटी नेता एमालेमा बसेका थिए । उपाध्यक्षहरु युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, भीम रावल, उपमहासचिव घनश्याम भूसाल, सचिवहरु गोकर्ण बिष्ट, भीम आचार्य, योगेश भट्टराई, स्थायी कमिटी सदस्यहरु सुरेन्द्र पाण्डे, रघुजी पन्त, अमृत बोहोरा सहित ठूलो पंक्ति एमालेमा बसेका छन् ।



तर अध्यक्ष ओलीले भने दश बुँदे कार्यान्वयन नहुने बताएका हुन् । पोखरेल पुगेका ओलीले भने, "दश बुँदे भन्ने छ अहिले । दश बुँदे समस्या समाधान गर्नका लागि हो, समस्या खडा गर्न होइन । त्यसकारण दश बुँदे के ? जसो गर्दा समस्या समाधान हुन्छ, त्यसो गर्नुस् न", ओलीले भने ।

उनले चार वर्ष अगाडिको अवस्थामा एमाले पार्टी संरचना फर्कन नसक्ने बताए । "जस्ताको तस्तै चार वर्ष अगाडिको २०७५ साल कहाँबाट फर्किन्छ ? जस्ताको तस्तै त फर्किँदै फर्किँदैन नि", ओलीले भने ।

दश बुँदे सहमतिमा नेकपा एमाले माओवादी केन्द्रसँग एकता गर्दा अगाडिको अवस्थामा फर्कने उल्लेख छ । तर ओलीले भने तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजन पछाडि एक्लौटी रुपमा संगठन बनाएका छन् । त्यसैलाई मान्यता दिनेगरी ओली अगाडि बढेका छन् ।

ओलीले पोखरेल पुगेर पनि एमाले र माओवादी सर्लक्क अलग नभएकाले दश बुँदेले भनेजसरी पार्टी संरचना नबन्ने बताए । "एमाले र माओवादी सर्लक्क अलग भएको होइन, त्यो कानुनी कुरा हो । हामीले पार्टी एकीकरण गरेका थियौं २०७५ जेठ ३ गते । त्यो एकीकरण कायमै छ", ओलीले भने ।

ओलीले एमाले पार्टीको नाम मात्रै एमाले भएको, तर नेकपाकै निरन्तरता भएको बताए । माओवादी केन्द्र छोडेका रामबहादुर थापा बादलहरु सहितको पार्टी भएको ओलीको सन्देश थियो । "यो हिजोको नेकपाको पनि निरन्तरता हो । एकीकणको पनि निरन्तरता हो । म साथीहरुलाई आग्रह गर्न चाहन्छु- सजिलोसँग कामलाई अगाडि बढाउनुस् । कुनै पनि कारणले तनावग्रस्त नहुनुस्, असहज मनका साथ नचल्नुस्", ओलीले भने ।

ओलीले २ जेठ भनेको श्राद्धमा विरालो बाँधे जस्तो नभएको पनि बताए । "कतिपय ठाउँमा विना सित्ति जेठ २ भनेर जेठ २ भनेको श्राद्धमा विरालो बाँधे जस्तो होइन", ओलीले भने ।

दश बुँदे कुनै पार्टीसँग नगरिएको पनि ओलीले बताए । माधव नेपाललाई अलग हुन नदिन कार्यदल बनाइए पनि पार्टी विभाजन नरोकिएकाले उनको भनाइ थियो । "हामीले माधव नेपाललाई पनि फुट्न नदिने भनेर बनाइएको कार्यदल थियो । त्यो क्षति रोक्न बनाइएको थियो । माधव नेपालले अस्वीकार गरे", ओलीले भने ।

मास्क लगाऔं, कोरोनाबाट सुरक्षित बनौं

- नाक र मुख ढाकिने गरी मास्क लगाऔं,
- मास्कलाई सकेसम्म नछोऔं,
- एउटै मास्क लामो समयसम्म प्रयोग नगरौं,

कोरोनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# फेरि समस्या एमसीसी

तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजनको एक प्रमुख समस्या बनेको अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) फेरि बहसमा आएको छ ।



**समित श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २२ भदौ ।

प्रधानमन्त्री एवम् नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) अनुमोदन हुने संकेत दिएका छन् । मंगलबार बसेको संसदीय दलको बैठकमा प्रधानमन्त्री देउवाले एमसीसी अनुमोदन हुने संकेत दिएका हुन् ।

प्रधानमन्त्री देउवाले प्रतिश्पर्धाबाट प्राप्त भएको अनुदान अनुमोदन हुँदा लोकतान्त्रिक देशसँग सम्बन्ध पनि जोडिने बताए । प्रधानमन्त्री देउवाले भने, "जुनसुकै सहयोग प्राप्त गर्दा पनि शर्तहरु त हुन्छन् नि ।"

एमसीसीबारे अनावश्यक भ्रम फैलिएको देउवाको भनाइ थियो । प्रधानमन्त्री देउवाले एमसीसीबारे नबुझ्ने सांसदहरुलाई नबोल्न पनि निर्देशन दिए । "बुझ्केकाहरु बोल्नुहोस् । नबुझ्केकाहरुले नबोल्नुहोस्", देउवाले भने ।

प्रधानमन्त्री देउवाले एमसीसी अनुमोदन हुने संकेत दिइरहेका बेला प्रमुख सत्ता साझेदार दल नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भने एमसीसी अनुमोदन नहुने बताएका छन् । मंगलबार पार्टी निकट युवाहरुको संगठन योङ कम्युनिष्ट लिग (वाईसीएल) को कार्यक्रम सम्बोधन गर्दै प्रचण्डले एमसीसी अनुमोदन नहुने बताए ।

बैठकमा सहभागीहरुले एमसीसीबारे प्रश्न गरेका थिए । एमसीसीबारे धारणा मागिएपछि प्रचण्डले एमसीसी संशोधन नभई पारित नहुने बताए । "यसका लागि कुटनैतिक पहल भइरहेको छ । संशोधन गरेर मात्रै पारित हुन्छ", प्रचण्डको भनाइ थियो ।

संसद्मा विचाराधीन रहेको एमसीसी हुबहु अनुमोदन गराउन नहुने अडान प्रचण्डले यसअघि नै राख्दै आएका छन् । एमसीसीकै कारण तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) समेत विभाजित भएको थियो । अहिले पनि सत्ता साझेदार दलहरुबीच एमसीसीबारे प्रष्ट धारणा बन्न सकेको छैन ।

एमसीसीबारे डेढ वर्षदेखि कायम किचलाकाँट कायमै रहेको छ । एमसीसीबारे राजनीतिक दल र नागरिक समाज प्रष्ट दुई खेमामा विभक्त छन् । प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली खुलेर लागेका छन् । ओली पहिलेबाटै एमसीसी अनुमोदन गराउने पक्षमा छन् । उनी नेतृत्वको सरकार र नेकपामा पनि एमसीसी बारे ठूलो विवाद थियो ।

अहिलेको सरकारले पनि ओली सरकारकै नियति बेहोरिरहेको छ । सत्ता साझेदार

बाँकी पृष्ठ २ मा



# दिइएन अन्तरिम आदेश

> नेकपा एमाले विभाजन हुनेगरी ल्याइएको अध्यादेश, १४ सांसदलाई गरिएको कारबाही कार्यान्वयन नभएको र लुम्बिनीका सभामुख पूर्णबहादुर घर्तीविरुद्ध दायर मुद्दामा सर्वोच्च अदालतले २८ भदौमा दुवै पक्षलाई छलफलका लागि बोलाएको छ ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ भदौ ।

सर्वोच्च अदालतमा नेकपा (एमाले) ले सभामुख अग्निप्रसाद सापकोटा, निर्वाचन आयोग र लुम्बिनी प्रदेशका सभामुख पूर्णबहादुर घर्ती विरुद्ध दायर गरेको रिट निवेदनको प्रारम्भिक सुनुवाइपछि यही भदौ २८ गते छलफलका लागि बोलाउने आदेश जारी गरेको छ ।

प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराको एकल इजलासले उक्त मुद्दामा अन्तरिम आदेश जारी गर्ने वा नगर्ने भन्ने विषयमा यही भदौ २८ गते छलफलका लागि दुवै पक्षलाई बेलाउने आदेश जारी गरेको हो । अदालतले नेकपा (एकीकृत समाजवादी) पार्टी दर्ता गरेको मिले वा नमिलेको विषयमा १५ दिनभित्र निर्वाचन आयोगसँग लिखित जवाफ माग गरेको छ । विपक्षीहरुको लिखित जवाफ पेश भएको तेस्रो दिन सुनुवाइका लागि पेशी तोक्न भनिएको छ ।

एमाले अध्यक्ष केपी शर्मा ओलीका तर्फबाट वारेस सुमित्रा पाण्डेले यही भदौ १६ गते सभामुख अग्निप्रसाद सापकोटा, निर्वाचन आयोग र लुम्बिनी प्रदेशका सभामुख पूर्णबहादुर घर्ती विरुद्ध छुट्टाछुट्टै तीनवटा रिट निवेदन दर्ता गरेका थिए ।

एमालेका १४ जना प्रतिनिधिसभा सदस्यलाई गरिएको कारबाहीलाई कार्यान्वयन नगरी उन्मुक्ति दिने गरी विपक्षीबाट भएको आदेश तथा निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी रिट निवेदक दलले गरेको कारबाही निष्काशनको निर्णय कार्यान्वयन गर्न परमादेश जारी गर्न रिट निवेदनमा माग गरिएको थियो ।

एमालले १४ जना आफ्ना दलका प्रतिनिधिसभा सदस्यलाई गत साउन २५ को निर्णयले निष्काशन गरेको र कार्यान्वयका लागि संघीय संसद् सचिवालयमा यही भदौ १ गते सूचना तथा निर्णय दर्ता गराइएकोमा कानून बमोजिम गर्नुपर्ने कार्य नगरेको रिट निवेदनमा छ । निष्काशित प्रतिनिधिसभा सदस्यलाई नयाँ गठन भएको दलमा समाहित हुने अवस्था गरिएकोमा पत्राचार तथा निर्णय गैरकानूनी भएकाले उपरोक्त पत्राचार तथा निर्णय उत्प्रेषणको आदेशद्वारा वदर गर्न माग गरिएको थियो ।

नेकपा (एकीकृत समाजवादी) पार्टी दर्ता गरेको कार्य उत्प्रेषणको आदेशद्वारा बदर गरी कानून बमोजिम गर्न निर्वाचन आयोगका नाममा परमादेश जारी गर्न रिट निवेदनमा माग गरिएको थियो । निर्वाचन आयोगले प्रक्रिया मिचेर धेरै सङ्ख्या पुऱ्याएर नेकपा (एकीकृत समाजवादी) दर्ता गरेको र नयाँ दिल्लीमा रहेका एमाले नेता झलनाथ खनालको सनाखत हुनै नसक्ने अवस्थामा गैरकानूनी रुपमा स्वीकार गरेको रिट निवेदनमा छ ।

दलले निष्काशन गरेका दुई लुम्बिनी प्रदेशसभा सदस्यलाई यथावत राख्ने गरी भएको निर्णय बदर गरी

बाँकी पृष्ठ २ मा

# मृतक र घाइते कामदारको पैसा परराष्ट्रको खातामा

**रेशमराज पौडेल/मध्यान्ह**
काठमाडौं, २२ भदौ

वैदेशिक रोजगारमा गई मृत्यु वा अंगभंग भएका कामदारको करिब दुई करोड रुपैयाँ परराष्ट्र मन्त्रालयले आफ्नो खातामा राखेको भन्दै महालेखा परीक्षकको कार्यालयले प्रश्न उठाएको छ ।

केही समय अघि सार्वजनिक महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनले कतारको दोहास्थित नेपाली दूतावासबाट २०७६ साल पुस २ गते नाम र नेपालको ठेगाना खुल्न नसकेका मृतक र घाइतेहरुको क्षतिपूर्ति वापतको १ करोड ६० लाख ७० हजार प्राप्त भएकोमा उक्त रकम हालसम्म मन्त्रालयकै खातामा रहेको भन्दै उक्त प्रश्न उठाएको हो ।

वैदेशिक रोजगारीका सिलसिलामा गन्तव्य मुलुकमा मृत्यु वा घाइते भएका नेपाली नागरिकको क्षतिपूर्ति वापतको रकम सम्बन्धित रोजगार कम्पनी तथा बिमा कम्पनीबाट प्राप्त हुने रकम नेपाली नियोगहरुमार्फत परराष्ट्र मन्त्रालयमा प्राप्त हुने र मन्त्रालयले मृत्यु, घाइते भएका व्यक्तिको स्थायी ठेगानामा रहेको जिल्ला प्रशासन कार्यालयमा पठाउने गरेको छ ।

गत वर्ष विभिन्न मुलुकमा मृत्यु र घाइते भएका ३ सय ८ जनाको क्षतिपूर्ति वापतको २७ करोड १४ हजार रुपैयाँ परराष्ट्र मन्त्रालयले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाएको भएपनि प्रतिवेदनले मृतक तथा घाइतेका हकवालाले क्षतिपूर्ति वापतको रकम प्राप्त गरे/नगरेको सम्बन्धमा परराष्ट्र मन्त्रालयले जिल्ला प्रशासन कार्यालयबाट प्रतिवेदन लिई अनुगमन नगरेको भन्दै हकवालाले क्षतिपूर्ति रकम प्राप्त गरे/नगरेको सम्बन्धमा मन्त्रालयले नियमित तथा आवधिक अनुगमन गर्नुपर्ने उल्लेख गरेको छ ।

प्रतिवेदनले गन्तव्य मुलुकबाट आएको मृतक र घाइतेको रकम उनीहरुका आश्रित परिवारले नपाए मन्त्रालयको खातामा नराखी उक्त संचित कोषमा दाखिला गर्न पनि सुझाव दिएको छ ।




## कुवेतले सबै भिसा खुलाउने

**काठमाडौं/मस-** कुवेतले आगामी अक्टोबरदेखि सबै प्रकारका भिसा खुला गर्ने तयारी गरेको छ । लामो समयपछि भिजिट भिसा खुला गर्ने तयारी गरेको कुवेतले सबै प्रकारका भिसा खुला गर्न लागेको हो ।

कुवेतको आन्तरिक मन्त्रालयका अनुसार कुवेतले पारिवारिक, व्यापारिक र यात्रा प्रयोजनका लागि भिजिट भिसा जारी गर्दै आएको छ । अरबी दैनिक पत्रिका अल राईका अनुसार विभिन्न देशसँग सिधा हवाई उडान शुरु गरेको कुवेतले आगामी अक्टोबर शुरुदेखि भिजिट भिसा खुला गर्ने बताइसकेको छ ।

कुवेतले आफ्नो मुलुकमा कोराना भाइरस संक्रमण दर घटेको र खोप पनि पर्याप्त भएको भन्दै भिजिट भिसा खुला गर्न लागेको उक्त पत्रिकाले उल्लेख गरेको छ । कुवेतमा निर्माण सल्लाहकार, ईन्जिनियर, प्राविधिक, र शिक्षकहरुको माग अत्यधिक बढेको बताइएको छ ।

यता ओमानले शाही आदेश जारी गर्दै आप्रवासी कानूनमा केही संशोधन गरेको छ । ओमानले विदेशी कामदारहरुले आफ्नो भिसाको म्याद सकिन १५ दिन अगावै नवीकरण गर्नुपर्ने नयाँ नियम ल्याएको हो ।

बाँकी पृष्ठ २ मा

कर्मचारी आवश्यकता

यस म्यानपावर कम्पनीका लागि निम्न कर्मचारी आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।




1. Documentation Officer - 3 Male/ Female

साउदी अरब सम्बन्धी काम जानेको हुनुपर्नेछ।
कम्तीमा ३ वर्षको मेनपावर सम्बन्धी अनुभव हुनुपर्नेछ ।

तलब आपसी सहमतिमा

2. Graphic Designer - 2 Male/ Female
3. Kitchen Helper - 2 Female

Young Manpower Pvt. Ltd.
P.Box: 26144, Battisputali-9, Kathamandu,
Tel: 4483814, 4483815, 4483816. Mob:9851131525
Email:youngmanpower123@gmail.com
Govt Lic. No. 1047/073/074



*कुशेऔँसीका दिन गोकर्णेश्वर नगरपालिका-४ स्थित वाग्मती किनारमा रहेको गोकर्णेश्वर महादेव मन्दिर परिसरका देवीदेवतालाई पूजा गर्दै भक्तजन । तस्बिर: रासस*

# आज तीजको दर खाने दिन

**काठमाडौं/मस-**हरितालिका (तीज) व्रतको आज दर खाने दिन । दरखाने दिनसँगै चार दिने तीज पर्व आजदेखि सुरु हुँदैछ । विशेष गरी नेपाली नारीले मनाउने हरितालिकाअर्थात् तीजको पहिलो दिन आज दर खाइन्छ ।



माइतीले चेलीबेटीलाई बोलाइ दर खुवाउने परम्परा भए पनि यस वर्ष नयाँ भेरियन्टसहितको कोरोना भाइरसको संक्रमणको जोखिम कायम रहेका कारण धेरै महिलाले सजगताका साथ तीज मनाउनुपर्ने अवस्था छ ।

तीजको व्रत सक्नेले निराहार बस्ने भएकाले आज व्रतालुले शक्ति प्राप्तिका लागि मीठामीठा एवं आडिलो परिकार दरका रुपमा खाई बिहीबारको व्रतका लागि पूर्वतयारी गर्छन् । विशेष गरी माइती एवं दाजुभाइले छोरी, चेली, दिदीबहिनीलाई बोलाइ दर खुवाउने गर्दछन् । दर दुई भाग रात हुँदै खाइसक्नुपर्ने शास्त्रीय विधान रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्क निर्णायक समितिका पूर्वअध्यक्ष प्रा.डा.रामचन्द्र गौतम बताउँछन् ।

महिलाले वर्ष दिनभर आफूलाई परेका दु:ख, पीर, मर्कालाई पोख्ने पर्वका रुपमा समेत तीजलाई उपयोग गर्ने गरेका छन् । तीजको अवसरमा गीतका माध्यमबाट यस्ता मर्कालाई महिलाले सार्वजनिक गर्दछन् । जन्मघरबाट कर्मघरमा गई बस्दा पाएका दु:ख, पीर, मर्कालाई नारीले पोख्ने गरेका छन् ।

पछिल्ला वर्षहरुमा तीजका नाममा उच्छृङ्खलता र तडक भडक आएको छ । एक महिनाअघिदेखि दर खाने, गरगहना एवं पोसाक प्रदर्शन गर्नेजस्ता गतिविधिले तीजको संस्कृतिलाई विकृतिका रुपमा लैजान खोजेको समाजशास्त्री कीर्तिकुमार राई बताएँछन् । यस वर्ष भने कोरोनाका कारण पहिल्यैदेखि दर खानेलगायत गतिविधि विगत वर्षमा भन्दा कम देखिएको छ ।

यस्ता गतिविधिले नहुनेलाई खिन्न बनाउने भएकाले पनि विकृति रोकिनुपर्नेमा पनि संस्कृतिविद्, धर्मशास्त्री एवं समाजशास्त्रीले जोड दिएका छन् । एक महिनाअघिदेखि नै दर खाने चलन पछिल्लो समय बढ्न थाले पनि भाद्र शुक्ल द्वितीयाको बेलुकीको समय शास्त्रीयरुपमा दर खाने दिनका लागि तोकिएको छ । पछिल्लो समय सरकारी कार्यालयमा समेत एक महिनाअघिदेखि नै तीज कार्यक्रमको तामझाम हुने गरेको छ । समाजमा सुरु भएको विकृति रोक्नुपर्ने जिम्मेवारी बोकेका सरकारी कार्यालय नै विकृतिमा भासमा जाकिएपछि यसले संस्थागत रुप लिँदै गएको छ ।

बुधबार दर खाएपछि औपचारिकरुपमा सुरु हुने तीज पर्व ऋषि पञ्चमीसम्म मनाइन्छ । तृतीयाका दिन हरितालिका व्रत, चौँथीका दिन, गणेश भगवान्को पूजा र पञ्चमीका दिन स्नान गरी अरुन्धतीसहित सप्तऋषिको पूजा गरी तीज समापन हुन्छ ।

यस वर्ष गणेशको उत्पत्ति भएको विश्वास गरिने गणेश चौथी भदौ २५ गते शुक्रबार, ऋषिपञ्चमी पर्व भदौ २६ गते शनिबार मनाइने समितिले स्वीकृति दिएका पात्रोमा उल्लेख छ । गणेश चौँथी प्रात: कालमा तिथि परेका दिन मनाइन्छ । ऋषि पञ्चमी भने मध्याह्नकालमा पञ्चमी परेका दिन मनाउनुपर्ने शास्त्रीय विधि छ ।

तीजको आगमनसँगै नेपाली महिलामा उत्साह जाग्ने गरेको छ । सत्ययुगमा हिमालय पुत्री पार्वतीले गौरीघाटमा बसी तपस्या गरेर श्री महादेव पति पाउने बरदान पाएकी थिइन् । तर पिता हिमालयले पार्वतीको इच्छाविपरीत विष्णुसित विवाह गरिदिन खोजेपछि साथीहरुलाई आफ्नो समस्या सुनाइन् ।

पार्वती समस्यामा परेको थाहा पाएपछि उनका साथीहरुले हरण गरेर लगी कसैले नदेख्ने ठाउँमा लुकाएर राखिदिए । साथीहरुले लुकाएकै ठाउँमा पार्वतीले निराहार व्रत गरी महादेवलाई प्राप्त गरिन् । यसरी पार्वती साथीहरुद्वारा हरण भएको दिन भाद्र शुक्ल तृतीयाको दिन भएकाले त्यही समयदेखि हरितालिका (तीज) को व्रत लिने प्रचलन सुरु भएको धर्मशास्त्रीय मत रहेको नेपाल संस्कृत विश्वविद्यालय वाल्मीकि विद्यापीठ धर्मशास्त्र विभागका प्रमुख प्रा.डा देवमणि भट्टराई बताउँछन् ।

हरितालिका (तीज) पर्वका अवसरमा पशुपतिनाथलगायत देशभरका शिवालयमा लाखौँ महिलाको भीड लाग्ने गरेकामा यस वर्ष कोरोना फैलने त्रासले पशुपतिनाथ मन्दिर वैशाख पहिलो सातादेखि नै बन्द गरिएको छ । काठमाडौँ उपत्यकामा कोरोनाको महामारी फैलँदै गएकाले तीजमा मन्दिर नखुल्ने पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक डा घनश्याम खतिवडाले बताए ।

कोरोनाको त्रासले तीजका व्रतालुले घरमै देवादिदेव महादेवको विधिपूर्वक पूजा आराधना गरी यो पर्व मनाउँदैछन् । तीज सुरु भएसँगै रेडियो एवं टेलिभिजनले पनि ‘तीजको रहर आयो बरी लै’ गीत बजाइ रहेको सुन्न सकिन्छ । यस वर्ष पनि विगत वर्षमा जस्तै कोरोनाबाट बच्न भीडभाड नगरी घरघरमै परिवारका सदस्यबीच तीज पर्व मनाउनुपर्ने अवस्था दोहोरिएको छ ।

संखुवासभा हत्या घटना

# अनुसन्धान गर्न सिआइबीको टोली खटियो

**काठमाडौं/मस-**संखुवासभाको मादी नगरपालिका-१ उम्लिङमा एकै परिवारका छ जनाको सामूहिक हत्या प्रकरणको अनुसन्धान गर्न प्रहरीले केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइवी) को टोली पठाइएको छ । प्रहरी प्रधान कार्यालय अनुसार प्रहरी नायब उपरीक्षक रुगम कुँवरको नेतृत्वमा तीन सदस्यीय अनुसन्धान टोली खटाइएको हो । ‘टोली संखुवासभा पुगिसकेको छ, विकट क्षेत्रमा घटना घटेकाले घटनास्थल पुग्न केही समय लाग्छ’, सिआइवीका प्रहरी उपरीक्षक श्यामकुमार महत्तोले भने । आइतबार राति उक्त घटना भए पनि सोमबार बिहान प्रहरीमा जानकारी आएको थियो । घटनास्थल जिल्ला सदरमुकाम चैनपुरबाट ५५ किलोमिटर पूर्वमा पर्छ । एकै परिवारका छ जनाको हत्या हुँदा ९५ वर्षका बौद्धमान कार्की भने सकुशल भेटिएका छन् ।



उक्त घटनामा ८४ वर्षीया पार्वता कार्की, उनका छोरा ५८ वर्षका तेजबहादुर कार्की, उनकी श्रीमती ५६ वर्षकी मनमाया, बुहारी २८ वर्षकी रञ्जना, उनका छोरा-छोरी (१० वर्षका विपीन र पाँच वर्षकी गोमा) कार्कीको हत्या भएको थियो । उनीहरुको शव फरकफरक स्थान (बारी, खोला र सडकको भित्ता) मा फेला पारिएको थियो । प्रहरीले कुकुरसमेत प्रयोग गरी घटनाको अनुसन्धान जारी राखेको छ ।

अधिकांशको टाउकोमा हानेको देखिएको प्रहरीले जनाएको छ । प्रहरी प्रवक्ता एंव प्रहरी वरिष्ठ उपरीक्षक वसन्तबहादुर कुँवरका अनुसार घटनाका केही ‘क्लु’ फेला परेको र त्यसको सूक्ष्म अनुसन्धान भइरहेको जानकारी दिए । उनले अनुसन्धान गरी दोषीलाई पक्राउ गरिने पनि बताए । उनका अनुसार संघीय प्रहरी एकाइ कार्यालय धरानका प्रहरी उपरीक्षक भीमबहादुर दाहालको नेतृत्वमा समेत घटनाको अनुसन्धानका लागि प्रहरी टोली यसअघि नै खटाइसकिएको छ ।

घटनास्थलको प्रकृति मुचुल्का उठाई अहिले शवको परीक्षकका लागि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएको छ । उक्त क्षेत्रको नाकामा उच्च सुरक्षा निगरानीका साथ घटनाको अनुसन्धान जारी रहेको छ । प्रदेश नं १ प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक नवीनराज राईले धारिलो हतियार प्रयोग गरेर हत्या गरेको नदेखिएको तर लाठी, हम्बरलगायतले टाउको तथा शरीरका विभिन्न भागमा हानेको देखिएको जानकारी दिए । अहिले घटनाको अनुसन्धानकै चरणमा रहेकाले त्यसको रिपोर्ट नआएसम्म यकिन कारण भन्न नसकिने जानकारी दिए ।

शव परीक्षण गर्न धरान लगियो

६ जनाको शव परीक्षणका लागि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएको छ । घटनास्थलबाट मुचुल्का उठाएर शव धरान लगिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । अज्ञात समूहले मादी नगरपालिका-१ खोला गाउँका तेजबहादुर कार्कीको परिवारका सदस्यको आइतबार हत्या गरेको बताइएको छ । प्रहरी नायब उपरीक्षक लालध्वज सुवेदीका अनुसार ५८ वर्षीय कार्की, ८४ वर्षीया आमा पार्वता, ५६ वर्षीया श्रीमती मनमाया, २८ वर्षीया बुहारी रञ्जना, १० वर्षीय नाति दीपक र पाँच वर्षीया नातिनी गोमाको धारिलो हतियार प्रयोग गरी हत्या भएको थियो ।

घटनास्थलमा अहिले प्रहरी नायब उपरीरक्षक भीम दाहालको कमाण्डमा रहेको अनुसन्धान टोलीले तालीमप्राप्त कुकुरसहित अनुसन्धान गरिरहेको छ । प्रहरी नायब उपरीक्षक सुवेदीसहितको टोली पनि घटनास्थलमै छ । हालसम्म घटनामा संलग्न दोषी पत्ता लाग्न नसकेको प्रनाउ सुवेदीले जानकारी दिए । उक्त क्षेत्रका विभिन्न नाका सिल गरेर हत्यामा संलग्नको खोजी भइरहेको जिप्रकाले जनाएको छ ।

## संघीय संसद्को दशौं अधिवेशन आजदेखि

**काठमाडौं/मस-** संघीय संसद्को दुवै सदनको दशौँ अधिवेशन आजदेखि सुरु हुँदैछ । राष्ट्रपति विद्यादेवी भण्डारीले नेपाल सरकारको सिफारिसमा बुधबार अपराह्न ४ बजे प्रतिनिधिसभा र राष्ट्रियसभाको बैठक आह्वान गर्नुभएको हो ।

सदनको यो अधिवेशमा अध्यादेश बजेटलाई विस्थापन गर्ने विधेयक, लामो समयदेखि विचाराधीन निजामती विधेयक, नागरिकता विधेयक, विगतमा जारी गरिएका विभिन्न अध्यादेशलगायत कार्यसूची हुनेछन् । गत साउन ३२ गते सदनको नवौँ अधिवेशनको अन्त्य भएको थियो ।

# भक्तपुर अस्पतालमा बेरुजु शून्य पार्ने अभियान

**भक्तपुर/मस-** भक्तपुर अस्पतालले बेरुजु शून्य पार्ने अभियान सुरु गरेको छ । यसअघिका मेडिकल सुपरिटेण्डेन्ट एवं प्रशासनले बाँकी राखेको बेरुजुलाई अस्पतालले शून्यमा झार्ने अभियान सञ्चालन गरेको हो । अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा सुमित्रा गौतमले अस्पतालमा यसअघि रहेको बेरुजुलाई शून्यमा घटाउने अभियान अस्पतालले सञ्चालन गरेको बताइन् ।



उनले भनिन्, ‘भक्तपुर अस्पताललाई धेरै सुधार गर्न सक्षम भएका छौँ, अस्पतालमा म आउँदा अस्पताल सुदृढीकरण मूल्यांकन ३८ थियो, अस्पताललाई सुदृढीकरण गर्दै लगेपछि अहिले ८२ पुऱ्याउन सफल भएका छौँ, त्यसैले बागमती प्रदेश सरकारबाट यस वर्ष उत्कृष्ट अस्पतालको पुरस्कार पाउन सफल भएका छौँ, अब बेरुजुलाई पनि शून्य बनाउने अभियान सुरु गरेका छौँ ।’

अस्पतालमा ८० देखि १५० जनासम्म बिरामी आउने गरेको अहिले अस्पतालको सेवा विस्तार र गुणस्तरीय सेवा प्रवाह गरेपछि दैनिक ७५० देखि ८०० बिरामी आउने गरेको उनको भनाइ छ ।

अस्पतालले बेरुजु शून्यमा झार्न नातीबाबु खत्रीलाई बेरुजु हेर्ने अधिकृतको जिम्मेवारी दिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले दिएको रेकर्डअनुसार आव २०७५/७६ सम्ममा भक्तपुर अस्पतालमा रु तीन करोड ६९ लाख २० हजार ८२० बेरुजु रहेको अधिकृत खत्रीले बताए ।

बेरुजुमध्ये रु एक करोड ८० लाख ४३ हजार १९४ नियमिततर्फबाट घटेको बताउँदै उनले विसं २०७२ देखि २०७६ सम्म तलबको करसमेत नतिरेको र ती रकम बेरुजुका रूपमा आएको बताए । थप रु एक लाख ५३ हजार १९० रकम राज्यकोषमा जम्मा गरिएको र सरुवा भएर गएका कर्मचारीलाई पनि बेरुजु रहेकालाई पत्रचार गरिएको खत्रीले जानकारी दिए ।

कतिपय औषधि र सामग्री सप्लायर्सको नाममा समेत बेरुजु रहेको पाइएको छ । बेरुजु उठाउन सम्बन्धित व्यक्तिलाई पत्राचार गरेपछि सप्लायर्सले धम्क्याउने गरेको र सरुवा भई गएका कर्मचारी एवं चिकित्सकले राजनीतिक पहुँचको भरमा पत्र नै फिर्ता पठाउने गरेको उनको भनाइ छ । गत वर्ष र आव २०७७/७८ मा भने बेरुजु शून्य रहेको छ । अस्पताल नियमसंगतरूपमा चलेकाले अब बेरुजु आउने सम्भावना नभएको र पुराना बेरुजु उठाउने लक्ष्यका साथ अस्पताल अगाडि बढेको उनको भनाइ छ ।

त्यसैगरी भक्तपुर अस्पतालमा आएका बिरामीलाई केही बिचौलियासमेतको मिलेमतोमा अस्पताल अगाडिको सान प्याथोलोजीमा बिरामी पठाएर कमिशन लिने गरेको भन्ने यसअघिको समाचारमा सान प्याथोलोजीका सञ्चालक सञ्जय जाकिबञ्जारले ध्यानाकर्षण भएको बताए । उनले सानका बारेमा समाचारमा आएको विषयमा सत्यता नभएको बताए । उनले भक्तपुर अस्पतालका कुनै पनि चिकित्सकलाई कमिशन दिएर बिरामी पठाउन नभनेको र ल्याब परीक्षणमा महंगो शुल्क पनि नलिएको दाबी गरे ।

### फेरि ...

दलहरु बीच एमसीसीबारे एकमत हुन संभावना देखिदैन । सरकारको नेतृत्व गरेको नेपाली काँग्रेस एमसीसी अनुमोदन गराउने पक्षमा छन् । प्रधानमन्त्री देउवाले एमसीसीबारे विरोध नजाउन निर्देशन नै दिएका छन् ।

आफू निकट नेताहरु मार्फत् एमसीसी अनुमोदन गराउने सार्वजनिक अभिव्यक्ति दिइरहेका छन् । तर सत्ता साझेदार दल माओवादी केन्द्र खुलेर विरोधमा उत्रिएका छन् । सार्वजनिक रुपमा विरोध प्रदर्शन समेत उनीहरुले गरिरहेका छन् । नेकपा एमालेबाट अलग भएर नयाँ दल गठन गरेका पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी) का नेताहरु पनि एमसीसीको विपक्षमा छन् ।

### दिइएन...

गैरकानूनी कार्य नगर्न परमादेशको आदेशको माग गरिएको छ । एमालेका लुम्बिनी प्रदेशसभा सदस्य बिमलाकुमारी खत्री वली र अजय शाहीलाई राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ३२(२) बमोजिम निष्काशन गरिसकेको र सो निर्णय विपक्षी सभामुखले लुम्बिनी प्रदेश सभामा सुनाई वा टाँस गरी पद रिक्तको सूचना निर्वाचन आयोगमा पठाउनुपर्ने भए पनि सदनलाई जानकारी नगराउने निर्णय बदर गर्न आदेशको माग रिट निवेदनमा गरिएको थियो ।

### कुवेतले ...

संशोधित नयाँ नियम अनुसार कुनै पनि विदेशी कामदारले आफ्नो श्रीमान श्रीमतीलाई भिसा प्रदान गर्दा उनीहरुमा आश्रित बालबच्चालाई पनि स्वत: भिसा लागेको मान्ने भएको छ ।

# १६ वर्षीया किशोरीलाई बलात्कार गरेको आरोपमा ९ जना पक्राउ

**सुर्खेत/रासस-** इलाका प्रहरी कार्यालय बाबियाचौर सुर्खेतले १६ वर्षीया बालिका बलात्कार गरेको आरोपमा नौ जनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी प्रमुख प्रहरी उपरीक्षक पदमबहादुर विष्टले बलात्कारको आरोपमा पञ्चपुरीका डम्बर वादी, गणेश वादी, युवराज शाही, खगेन्द्र भनिने शोभा शाही, बाबुराम पुरी, प्रेम बुढाथोकी, शेरबहादुर सार्की, ओम दर्लामी र प्रेमबहादुर शाहीलाई पक्राउ गरिएको जानकारी दिए । बलात्कृत बालिकाको चिकित्सकीय परीक्षण गर्दा पोजेटिभ देखाएको उनले बताए ।

चौकुने गाउँपालिका-७ सुर्खेत घर भई पञ्चपुरी नगरपालिका सुर्खेतमा बस्दै आएकी किशोरीले सोमबार आफूलाई पटक-पटक विभिन्न व्यक्तिबाट ठाउँठाउँमा बलात्कार भएको भन्दै इलाका प्रहरी कार्यालय बाबियाचौरमा उजुरी दिएपश्चात् उनीहरु पक्राउ परेको प्रहरी उपरीक्षक विष्टले बताए । उनका अनुसार किशोरीले आफूलाई चकलेट, बिस्कुट, चाउचाउ र पैसा दिन्छु भन्दै फकाएको उजुरीमा उल्लेख गरेकी छन् ।

जिप्रका सुर्खेतका अनुसन्धान अधिकृत प्रहरी निरीक्षक कनक शाहीले बाबुको मृत्यु भइसकेको र आमाले छोडेर अर्कैसँग विवाह गरेपछि मामाको घरमा बस्न आएकी किशोरीमाथि बलात्कार भएको बताए । उनका अनुसार मुद्दा दर्तापछि किशोरी आफैँले बलात्कार गर्नेलाई पहिचान गराउँदै इलाका प्रहरी कार्यालय बाबियाचौरका प्रमुख प्रहरी निरीक्षक टेकबहादुर देउवामार्फत नियन्त्रण लिन लगाएकी थिइन् ।

बलात्कार आरोप लागेकामध्ये केहीलाई पक्राउ गर्न बाँकी रहेको बताउँदै प्रहरी निरीक्षक शाहीले नियन्त्रणमा लिइएका नौ जनामाथि जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको जनाए । त्यसैगरी वीरेन्द्रनगर नगरपालिका-९ लाटीकोइली सुर्खेत निवासी २८ वर्षीय कुबेर शाहीलाई मंगलबार १३० मिलिग्राम अवैध लागूऔषध ब्राउन सुगरसहित पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

# स्थानीय तह प्रशासकीय अधिकृतविहीन



**नविन अंकुर/मध्यान्ह**
मनाङ, २२ भदौ

मनाङका स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतसहित अन्य कर्मचारी अभाव भएको छ । प्रमुख प्रशासकीय अधिकृतसहित कर्मचारी सरुवा तथा बढुवा भई अन्यत्र गएकाले सेवाग्राही मर्कामा परेका हुन् । जिल्लाका नासों, चामे, डिस्याङ र नार्पाभूमि गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतविहीन भएका छन् ।

सरुवा भएर आउने प्रमुख प्रशासकीय अधिकृत जिल्लामा आइपुगका छैनन् ।

बाढीपहिराका कारण सडक सञ्जाल विच्छेद भएकाले उहाँहरुलाई जिल्ला आउन समस्या भएको बताइएको छ । प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले सडक समस्याले कर्मचारी आउन ढिलाइ भएको बताए । प्रमुख प्रशासकीय अधिकृत नहुँदा योजनाका काम अगाडि बढाउन समस्या भएको नासों गाउँपालिकाका अध्यक्ष चन्द्र घलेले जानकारी दिए । जिल्लाका विभिन्न कार्यालय प्रमुख सरुवा भएका छन् । दुई महिनादेखि सहायक प्रमुख जिल्ला अधिकारीविहीन भएको छ ।

# नारायणी बयोधा अस्पतालले उपचारमा लापरवाही गरेको गुनासो



**दिपु मिश्र/मध्यान्ह**
रौतहट, २२ भदौ

नारायणी बयोधा अस्पताल बिरगंजले गर्न नसकेको उपचार चन्द्रपुर हस्पिटलले गरेको छ । रौतहटको चन्द्रपुर नगरपालिका वडा नम्बर ४ स्थित चन्द्रपुर हस्पिटलले नारायणी बयोधा अस्पतालले गर्न नसकेको उपचार गरेको हो । गत जेठ ३ गते महिला उत्थान मंच एम्बुलेन्सका चालक गोबिन्द प्रसाद चौधरी चन्द्रपुर ७ नयाँबस्तीबाट चन्द्रनिगाहपुर आउने क्रममा चन्द्रपुर-८ बैजनाथपुरमा टायरगाँढामा ठोक्किएर दुर्घटनामा परेका थिए ।

दुर्घटनामा परेपछि एम्बुलेन्सको सिसाले उनको बाँया हातमा गहिरो घाउ भएको थियो । उनलाई उपचार गराउने क्रममा नारायणी बयोधा अस्पताल बिरगंज लगिएको थियो । करिव १६ दिनको लगातार उपचारपछि उनलाई घर फर्काइएको थियो ।

अस्पतालले बेलाबेलामा चोकजाँचको लागि बोलाईरहेको उनको भनाई रहेको छ । उपचार पछि १ देखि डेढ महिनामा उनको हातको घाउ निको भएपनि बेलाबखतमा दुख्ने, घाउबाट पानि निस्किने समस्या आएपछि उनले चन्द्रपुर हस्पिटलका बरिष्ठ डा.सुभास चौधरी संग सल्लाह गरे तेसपछि डा.चौधरीले उपचार गरेको घाउलाई पुनः उपचार गर्दा २ बटा सिसाका टुक्रा निकालेको आफ्नै आखाले देखेको संयुक्त एम्बुलेन्स चालक समितिका रौहतट जिल्ला अध्यक्ष लालबाबु साहले जानकारी दिएका हुन् ।

उनले लाखौं खर्चेर नारायणी बयोधा अस्पतालमा उपचार गराएपनि सो अस्पतालले उपचारमा ठुलो लापरबाही गरेको गुनासो गरे । हामी स्वास्थ्य क्षेत्रसँग सम्बन्धित भएर पनि स्तरीय उपचार पाउन सकेनौ भने आम मान्छेले कसरी सेवा पाउछ भन्ने अध्यक्ष साहको गुनासो रहेको छ । उनले यस्ता विषयमा सम्बन्धित निकायको ध्यान जान नसकेको बताउँछन् । सो अस्पतालले यस्तो लापरबाही ढंगबाट उपचार गरेर कसैको ज्याननै गयो भने जिम्मा कसले लिने भन्ने प्रश्न उठाएका छन् । यस किसिमको विषयमा सम्बन्धित निकायको ध्यान जान जरुरी रहेको अध्यक्ष साहको भनाई रहेको छ ।

# जानकी गाउँपालिकामा वृक्षरोपण



**बाँके/मस-** को जानकी गाउँपालिकाले निजामती कर्मचारी सेवा दिवसको उपलक्ष्यमा वृक्षारोपण कार्यक्रम सम्पन्न भएको छ ।

जानकी गाउँपालिकाको निर्माणाधिन प्रशासनिक भवनको प्राङ्गणमा वृक्षरोपण गरिएको हो । गाउँपालिकाकी कार्यवाहक अध्यक्ष भूमिसरा धितालले एक समारोहकाबीच वृक्षारोपण कार्यक्रमको शुरुवात गरेकी थिइन् ।

गाउँपालिकाको प्रशासनिक भवनलाई हरियाली बनाउनका लागी निजामती कर्मचारी सेवा दिवसको अवसर पारेर वृक्षारोपण गरिएको बताउँदै कार्यवाहक अध्यक्ष धितालले विरुवाको संरक्षणमा ध्यान दिन समेत आग्रह गरिन् ।

दिवसको अवसर पारेर गाउँपालिका प्रशासनिक भवनको प्राङगण र इन्द्रपुर स्वास्थ्य चौकीको प्राङगणमा गुलमोहर, श्रीस, मसला लगायतका जातको करिव १ सय थान बिरुवा रोपिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बस बहादुर रानाले जानकारी दिए । उनका अनुसार वृक्षरोपण कार्यक्रममा गाउँपालिका जनप्रतिनिधि र कर्मचारीहरुको सहभागिता रहेको थियो ।

कञ्चनपुर डायरी
गोमती पाल/मध्यान्ह

# एमाले सांसद पाल भन्छिन्,'महिला अन्याय सहेर बस्नु हुँदैन, सशक्त आवाज उठाउनुपर्छ'



नेकपा(एमाले) की सांसद निरुदेवी पालले महिलाहरुले अन्याय अत्याचार सहेर बस्नु नहुने बताएकी छन् । उनले अन्याय अत्याचारविरुद्ध सशक्त भएर अघि बढ्नु पर्नेमा जोड दिइन् ।

'अहिलको यो २१ औं शताब्दीमा पनि जातीय विभेद र छुवाछुत भइ रहेको छ, यो हुनु हुँदैन थियो' दलित महिला संघ(फेडो) कञ्चनपुरले सञ्चालन गरेको दुई दिन कानुनी साक्षरता तालिमको समापन कार्यक्रममा उनले भने,' अन्याय अत्याचार विरुद्ध सशक्त आवाज उठाउनु पर्छ, सहेर बस्नु पनि अपराध नै हो, आवाज उठाउनु पर्छ ।'

महिलाहरु सशक्त भएर अघि नआउँदासम्म हक अधिकार पाउन नसकिने उल्लेख गर्दै उनले दलित समुदायका महिलालाले आफै अघि बढ्नुपर्ने बताइन् । 'जसको सवाल उसको नेतृत्व आवश्यक छ, यसका लागि तपाईहरु सशक्त भएर अघि बढ्नु होस' उनले भनिन् ।

दलित समुदायका महिलालाई राज्यका निकायमा समावेशी गर्ने नीति अनुसार स्थानीय तहका सवैमा सदस्य अनिवार्य गरिएकाले त्यस बाहेक अन्य पदमा दाबी गर्ने हैसियत बनाउनु पर्ने उनको भनाई थियो । 'अहिले वडामा एक जना सदस्य राखिएको छ, अबका दिनमा ती सदस्यले म अध्यक्ष, सांसद बन्नु सक्छु भनेर अघि बढ्नु पर्ने हिक्मत गर्नु पर्छ' उनले भनिन्, 'त्यसपछि कसैले पनि केही भन्दैन ।'

सांसद पालले छोरा र छोरीलाई विभेद नगरी समान व्यवहार हुनु पर्नेमा समाज अझैं फेरिन नसकेको बताइन् । 'छोरी बाहिर जाँदा के गर्छौं, अनि छोरालाई के भन्छौं, यो समाजमा सबैले देखेका छौं' उनले भनिन्,'अझैं पनि छोरालाई मिठो मसिनो खान दिइन्छ, तँ मलाई त पाल्ने भनिन्छ, यस्तो तपाईहरु नगर्नु होला ।'

सांसद पालले २०६४ मा आफ्नी आमाको निधन हुँदा आफैंले दाहसंस्कार गरी किरिया बसेको उल्लेख गर्दै आफूलाई कसैले पनि केही नभनेको बताइन् ।

'मैले मेरो दाईलाई विरामी हुँदा बोकेको थिए, कसैले केही भनेन, २०६४ मा आमा बित्दा सबै कर्म गरी १३ दिन किरिया बसे, कसैले केही भनेन' उनले भनिन्,'राम्रो काम गर्दा कसैलाई भन्ने आँट नै आएन ।'

सुदूरपश्चिमको छाउपडी प्रथा हटाउन आफूले सक्दो प्रयास गर्दै आएको उनले बताइन् । 'महिला तथा सामाजिक विकास समितिको सभापति भएपछि यसलाई हटाउनु पर्छ भनेर गृह मन्त्रालयलाई भनेर भत्काउन लगाए ।'

# एमसीसीविरुद्ध जनमोर्चा पनि सडकमा

राष्ट्रिय जनमोर्चा कञ्चनपुरले एमसीसी सम्झौताविरुद्ध विरोध सभा गरेको छ । सभामा सहभागी नेताहरुले एमसीसी सम्झौता कुनै पनि हालतमा पारित गर्न नहुनेमा जोड दिएका छन् ।

उनीहरुले एमसीसी सम्झौता विदेशी सेना राखेर नेपालका प्राकृतिक स्रोत साधनमाथि कब्जा गर्ने अमेरिकी चाल भएको आशंका व्यक्त गरेका थिए । यो सम्झौता चीनमाथि निगरानी राख्न अमेरिकाले लागू गर्न खोजेको उनीहरुको भनाई थियो ।

सभामा तराइ मधेस जनवादी मोर्चाका महासचिव राजाराम चौधरी, ट्रेड युनियनका प्रदेश अध्यक्ष जनक कुवर, कार्यालय सचिव लाल बहादुर कार्की, अखिल छैठौं जिल्ला अध्यक्ष भीमराज जोशी, नगर समिति सल्लाहकार नरेन्द्र प्रसाद जोशी लगायतका सहभागि भएका थिए । राजमोको पार्टी कार्यालयबाट र्‍याली सहित मदनचोकमा सभा गरी कार्यक्रम समापन गरिएको छ । 'एमसीसी कुनै पनि हातलमा नेपालमा लागू हुनु हुँदैन, यो राष्ट्रघाती सम्झौता हो अमेरेकी सम्राज्यवादले नेपालमा एससीसी परियोजनाका नाममा नेपाल माथि गिद्देदृष्टी राखेको छ' जनमोर्चाका जिल्ला अध्यक्ष राम बहादुर कार्कीले भने, 'यसले गर्दा देशमा नेपाली जनताको स्वतन्त्रताका अधिकार हनन हुने र विदेशी सेना नेपालमा राखेर नेपालमा रहेका प्राकृतिक सम्पदामाथि कब्जा गर्ने लक्ष्य हो ।' जनमोर्चाका जिल्ला सचिव अहिमान थापाले सञ्चालन गरेका थिए ।

# जनमोर्चाका केन्द्रीय सल्लाहकारसहित पाँच नेतालाई कारबाही

राष्ट्रिय जनमोर्चाले पार्टी विरोधी गतिविधिमा संलग्न रहेको आरोपमा सुदूरपश्चिमका पाँच नेतालाई कारबाही गरेको छ । उनीहरूलाई पार्टीका सबै जिम्मेवारीबाट हटाउनुका साथै साधारण सदस्यता समेत नरहने गरी अनिश्चितकालका लागि निस्कासन गरिएका छन् ।

राजमो सुदूरपश्चिम प्रदेश समितिका अध्यक्ष नन्दराज भट्टले सार्वजनिक विज्ञप्ति अनुसार केन्द्रीय सदस्य लाल बहादुर जाग्री, केन्द्रीय सल्लाहकार लोकेन्द्र लम्साल, केन्द्रीय पार्षदहरू लक्षीराम आचार्य (कैलाली), केशवनाथ योगी (डोटी) र गोविन्द विक (कञ्चनपुर) लाई कारबाही गरिएको छ । राष्ट्रिय जनमोर्चाले पार्टी विभाजनमा संलग्न रहेको भन्दै ती पाँच नेतालाई कारबाही गरिएको स्पष्ट पारेको हो । जनमोर्चाको भदौ ८ र ९ गते सुदूरपश्चिममा राष्ट्रिय जनमोर्चाको नाममा अवैध रुपमा भेला गरिएको विज्ञप्तिमा उल्लेख गरिएको छ । 'सो कार्यमा संलग्नलाई कारवाही गर्नुका साथै राजमोले भ्रमवश पार्टी विरोधी समूहमा सामेल नेता कार्यकर्ताहरुलाई पार्टीमा फर्कन पनि आग्रह गर्दछ' विज्ञप्तिमा भनिएको छ ।

# बेलौरीमा चक्रपथ विस्तार, थप दुई वडामा जोडिने



बेलौरी नगरपालिकामा चक्रपथ (रिङ्गरोड) सडक विस्तार हुने भएको छ । नगरपालिकाले वडा नम्बर ४ र ५ जोड्नका लागि रिङ्गरोडक सडक विस्तार गर्न लागेको हो । चालु आर्थिक बर्ष २०७८/०७९ का नगरपालिका दुई वडा सहित बेलौरी बजार जोड्ने सडक विस्तार गर्न लागेको छ । सोमबार बेलौरी नगरका नगर प्रमुख पोतिलाल चौधरीले रिङ्गरोडको शिलान्यास गर्दै बेलौरीका सडक स्तरोन्नती बनाइने बताए ।

मेयर चौधरीका अनुसार बेलौरी नगरपालिका ५ जन-नमुना विद्यालयदेखि रामनगर-भकुण्डा-बेलौरी ४ मोतिपुरसम्म विस्तार हुनेछ । अमर अमृत ज्वाईन्ट भेन्जरले साढे ५ करोड लागतमा निर्माण गर्ने नगरपालिकासँग सम्झौता गरेको जनाइएको छ ।

आगामी ०७९ भदौं १०भित्रै सडक विस्तार गरि सक्नु पर्ने सम्झौतामा उल्लेख छ । सडक विस्तारसंगै यस क्षेत्रका नागरिकलाई दैनिक आवत जावतमा समेत सहजता हुने बताउँदै नगरका अन्य सडकहरुको काम पनि द्रुतगतिमा अगाडि बढिरहेको नगर प्रमुख चौधरीले बताए ।

बाँके डायरी
पवन जायसवाल/मध्यान्ह

# मास्क बैंकबाट एक लाख बढी मास्क वितरण



बाँकेका प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहेको जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्रले स्वास्थ्य सामग्री हस्तान्तरणका लागि अपिल गर्‍यो । जस अनुरुप विभिन्न गैरसरकारी संस्थाहरु स्वस्फुर्त रुपमा सहयोग संकलन र हस्तान्तरणमा जुटेका थिए । गैरसरकारी संस्था महासंघ नेपाल बाँकेको संयोजनमा वास लगायतका संस्थाहरुले विभिन्न स्वास्थ्य सामग्री बैशाखको दोस्रो साता डिसीसीएमसीलाई हस्तान्तरण गरे । कोभिडको कहरले अवस्था असामान्य बन्दै थियो । गैससहरु सहयोगमा जुटिरहे । कोभिडका बिरामीहरुको संख्यासँगै मृतकको संख्या बढिरहँदा वास नेपालले मास्क बैंक स्थापनाको प्रस्ताव सामाजिक सञ्जाल मार्फत गर्‍यो । जसको राम्रो प्रतिक्रिया प्राप्त भएको थियो । प्रस्तावलाई समर्थन गर्दै कञ्चनपुर अदालतका न्यायाधिश कृष्णलाल भट्राईले हौसला प्रदान गर्दै १० हजार प्रदान गरेका थिए । अभियान सञ्चालन गर्नु पूर्व नै यमुना रोकायले आफ्नो जन्मदिनमा २ हजार मास्क सहयोग गरेका थिए ।

मास्क बैंक स्थापना गरी समुदायमा मास्क वितरण गर्ने उद्देश्य लिइएको उक्त मास्क बैंकको जेष्ठ ३ गते नेपालगञ्ज उप-महानगरपालिकाका नगर प्रमुख डा. धवल शम्शेर राणा र उपप्रमुख उमा थापा मगरले संयुक्त रुपमा उद्घाटन गरेका थिए ।

उक्त अभियानका लागि देश, विदेशबाट सहयोग प्राप्त भएको थियो । अमेरिकामा रहेका जुली वली र प्रदिप जिएमले १ लाख ३७ हजार ८ सय ८०, अञ्जली सिंहले ५१ हजार ५ सय ७४, रबि शाहले ११ हजार ३ सय ७७ सहयोग गरेका थिए । अमेरिका, फ्रान्स, मलेसिया, जापान, अष्ट्रेलिया, थाईल्याण्ड, दुवई देखि सहयोगी मनहरु यस अभियानमा जोडिएका थिए । नेपालगञ्ज क्षेत्र, कैलाली, काठमाडौं, रुपन्देही, सुर्खेत, दैलेख, रुकुम, गोरखा, दाङ, रोल्पा, जाजरकोट, सल्यान, बर्दिया लगायतबाट युवा, गैससकर्मी, व्यवसायी, राष्ट्रसेवक, जनप्रतिनिधि, इञ्जिनियर, कानून व्यवसायी, समाजसेवीहरुले अभियानको सफलताका लागि आर्थिक सहयोग गरेका थिए ।

यसरी देश, विदेशबाट ७ लाख ४५ हजार ३ सय १९ रुपैयाँ सहयोग प्राप्त भयो । उक्त रकमबाट मास्कहरु खरिद गर्दै मास्क प्रदान गर्ने कार्यलाई वासले देशव्यापी बनायो । मास्क बैंकबाट वासले वासका १८ वटा शाखा, उपशाखाहरु मार्फत झापा, मोरङ, कास्की, दोलखा, सुनसरी, स्याङजा, ईलाम, नवलपुर, रुपन्देही, सिन्धुपाल्चोक, अर्घाखाँची, दोलखा, सुर्खेत, कालीकोट, अछाम, कैलाली र बर्दियामा १८ हजार ५ सय वटा मास्क वितरण गरेको थियो ।

यसैगरी वास नेपालले मास्क बैंकबाट प्रत्यक्ष रुपमा ४ हजार ६० वटा, विभिन्न संघसंस्थाहरु मार्फत लक्षित वर्गलाई ३३ हजार ५ सय मास्क वितरण गरेको थियो । त्यसैगरी विभिन्न अस्पतालहरुलाई २ हजार ४ सय ४०, स्वास्थ्यकर्मीहरुलाई १३ सय मास्क बितरण गरेको वासले १५ थान ग्लोव्स, ३ सय थान सेनेटरी प्याड स्वास्थ्यकर्मीहरुलाई प्रदान गरेको थियो । यसैगरी समुदायस्तरमा ४१ हजार ३ सय ५० र सुरक्षाकर्मीहरुलाई १२ सय मास्क वितरण गरिएको थियो ।

यसरी वासले मास्क बैंक मार्फत १ लाख ४ हजार ७ सय मास्क वासले मास्क बैंकबाट असार महिनासम्म वितरण गरेको छ । यसैगरी वासले मास्क बैंकबाट स्वास्थ्यकर्मीहरुलाई १ सय वटा सेनिटाईजर, सल्यानका ३० परिवारलाई २५ सयका दरले खाद्यान्न, सिन्धुपाल्चौकको हेलम्वुका ३५ घर परिवार बाढी पीडितहरुलाई २५ सयका दरले खाद्यान्न, सरसफाई तथा स्वास्थ्य सामग्री सहयोग गरेको छ ।

हाल बैंकमा ७ हजार ५ सय मास्क मौज्दाज रहेको वासले जनाएको छ । मास्क बैंकमा विभिन्न दाताहरुबाट प्राप्त ७ लाख ४५ हजार ३ सय १९ रुपैयाँ मध्ये ४ लाख ८० हजार २ सय ६० रुपैयाँ मास्क खरिदमा खर्च भएको छ । स्यानटरी प्याडमा १२ हजार ७ सय ५०, ग्लब्समा १७ हजार २ सय ९० रुपैयाँ खर्च भएकोमा खाद्यान्नमा १ लाख ६२ हजार ५ सय रुपैयाँ खर्च भएको छ ।

मास्क बैंक र कोभिड १९ प्रतिकार्य अभियानको खर्च विवरण वासले भदौ १७ गते सम्पन्न वासको १८ औं वार्षिक साधारण सभामा सार्वजनिक गरेको थियो ।


## कतारमा रोजगारको अवसर

कम्पनीः ALMN WALSLWA LLTJARH
शहरः QATAR

पूर्व स्वीकृत मितिः २०७८/०५/२२ | चलानी नं.: ६०१६२५४४ | L.T. No.: 245020

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesman | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1400 | ४४,८५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 4 | 0 | | 1000 | ३२,०४० | | | | | | | |
| 3. | Driver | 1 | 0 | | 1900 | ६०,८७६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ३० गते (15 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

चिनारी ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ११६५/०७३/७४
धुम्बाराही, काठमाडौं, नेपाल, फोन नं. ०१-४३७२९२२, ४३७६९२२



## बाह्रदशी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा
१ नं.-प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मितिः- २०७८/०५/२३

यस कार्यालयले मिति **२०७८/०२/०५** गतेको **नागरिक राष्ट्रिय दैनिक**मा प्रकाशित बोलपत्र आह्वानसम्बन्धी सूचना **NCB/ Bahradashi/SJSKPP/14/2077-78, Sadhuparti Jheel Simshar Kshetrako Paryatan Prabardhan** बमोजिम पेश भएका बोलपत्रहरुको प्राविधिक तथा आर्थिक प्रस्ताव मुल्याङ्कन गर्दा तपसिलको बोलपत्रदाताले दाखिला गरेको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकाले स्वीकृतीको लागी सिफारिस भई आएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बद्ध सबैको जानकारीका लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.न. | ठेक्का प्याकेज | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक (भ्याट तथा पि.एस. सहित) |
|---|---|---|---|
| १ | Sadhuparti Jheel Simshar Kshetrako Paryatan Prabardhan NCB/Bahradashi/ SJSKPP/14/2077-78 | श्री सुनकोशी/एभरग्रिन- जे. भी., बिर्तामोड, झापा | रु. ३,९६,१६,१३४।६६ |

प्रमुख प्रशासकीय अधिकृत

## सम्पादकीय

### एमसीसीको उल्झन

अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) अनुमोदन गराउने वा नगराउने भन्ने बहस डेढ वर्षदेखि मुलुककै प्रमुख बनेको छ । राजनीतिक दल र नागरिक समाज प्रष्ट दुई खेमामा विभक्त छन् । एमसीसी पारित गराउन नहुनेमा एउटा पंक्ति जोडका साथ लागेका छन् । यसमा प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली खुलेर लागेका छन् । त्यसका निम्ति ओलीले ठूलाठूला जोखिम समेत उठाएका छन् । कतिसम्म भने उनले तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) समेत विभाजित गरे । आफ्नो नेतृत्वको सरकारलाई काम गर्न नदिइएको ओलीको प्रमुख गुनासो थियो । सरकारलाई पार्टीकै नेताहरूले काममा असहयोग गर्नु भनेको एमसीसी पारित गराउन नदिनू रहेको ओलीले खुलाएका छैनन् ।

ओली सरकारकै नियति वर्तमान सरकारले पनि बेहोरिरहेको छ । सत्ता साझेदार दलहरू बीच एमसीसीबारे एकमत छैनन् । सरकारको नेतृत्व गरेको नेपाली काँग्रेस एमसीसी अनुमोदन गराउने पक्षमा छन् । प्रधानमन्त्री शेरबहादुर देउवा एमसीसी अनुमोदन गराउनुपर्ने पक्षमा छन् । उनले ओलीले जसरी खुलेर त बोलेका छैनन्, तर अनुमोदन गराउने चाहना लुकाएका छैनन् । आफू निकट नेताहरू मार्फत् एमसीसी अनुमोदन गराउने सार्वजनिक अभिव्यक्ति दिइरहेका छन् । तर सत्ता साझेदार दल नेकपा माओवादी केन्द्र खुलेर विरोधमा उत्रिएका छन् । सार्वजनिक रूपमा विरोध प्रदर्शन समेत उनीहरूले गरिरहेका छन् । नेकपा एमालेबाट अलग भएर नयाँ दल गठन गरेका पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी) का नेताहरू पनि एमसीसीको विपक्षमा छन् ।

एमसीसी यस्तो परियोजना बनेको छ । जसबारे एउटै दलभित्र पनि अनेक मत छन् । प्रतिपक्षी दल एमालेका अध्यक्ष ओली एमसीसीको पक्षमा भएपनि सवै नेताहरू एमसीसी अनुमोदन गराउने पक्षमा छैनन् । पूर्व गृहमन्त्री रहेका भीम रावल अहिले पनि कुनै हालतमा एमसीसी अनुमोदन गराउन नदिने अडानमा छन् । अर्थात् फेरि पनि एमसीसी मुलुकको प्रमुख एजेण्डा बन्ने देखिन्छ । जबकी मुलुकले गर्नुपर्ने बहसको प्राथमिकता भने अरू हुन् । जस्तो मुलुक अहिले पनि कोभिड महामारीको असरका कारण सामान्यकालमा फर्कन सकेको छैन । मुलुकलाई राजनीतिक स्थीरता चाहिएको छ । तर एमसीसीकै कारण मुलुक एकपछि अर्को अस्थिरतातिर धकेलिएको छ । यसर्थ यो विषयबारे समुचित निष्कर्षमा पुग्न जरूरी छ, कुनै परियोजनाकै कारण मुलुकको प्रमुख विषय बिथोल्न सर्वथा अनुचित हुनेछ ।

## सामाजिक सञ्जाल



पूर्व प्रधान सेनापती जनरल पूर्णचन्द्र थापाले सेवा अवधी समापन हुँदा साथै आफ्नो सम्पत्ति विवरण सार्वजनिक गरेर इमान्दारिताको उत्कृष्ट नमूना प्रस्तुत गरे । यो हिम्मत अरू कस कसले गर्लान् ? जनताले प्रतिक्षा गरेका छन् ।

**- विनोद सिजापति**




बरू अफगानिस्तानमा तालिबानले मन्त्रिपरिषद् बनाउन थालिसक्यो । तर, नेपालका सत्ताधारीलाई चाहिं कुनै हतार छैन । जनादेशबाट आएको भए पो उत्साह र जनताप्रति उत्तरदायित्व हुन्थ्यो त ! यो त परमादेशको कृपा !

**- विष्णु रिजाल**




पशुपतिनाथमा चढाएको सुनको जलहरीमा ११ किलो सुन घोटाला ! प्रधानमन्त्री ज्यू, यस घोटलाका सन्दर्भमा छानबिनको दायराभित्र परेकाहरू जोसुकै भएपनि तत्काल निलम्बन गरियोस् । तत्कालीन सरकारको जिम्मेवारीमा रहेकाहरूको संलग्नता छ/छैन ? निष्पक्ष छानबिन गराउनुहोस् ।

**- धनराज गुरूङ**



'माधव नेपाल धोकेबाज हुन् । तैपनि एमालेमा फर्किए क्षमादान दिन्छौं'– सुरेन्द्र पाण्डे । यति नभने त 'बा' ले घोक्रेठ्याक लगाउलान् । बिगतमा 'बा'का विरूद्ध गरेको भाषण र बोलेको अपशब्दहरूको यस्तै गरी सोधभर्ना लिने र पिर्का जोगाउने प्रतिष्पर्धामा यी १० भाइ जुटे । 'बा'कोपारा नै थाप्ने परे ।

**- क्रिस्टीना पुरी**



'एमसीसीको विरोध गर्नेलाई अमेरिकाले भिसा दिंदैन, समर्थन गर्नेलाई भिसा खुला' भनेर एउटा समाचार आयो भने अहिले विरोध गर्नेहरू एम्बेसी अगाडिका भिसा फर्म भर्ने पसल अगाडि लाइन लागेको अवस्थामा भेटिनेछन् । तालिवानी प्रवक्ताले इण्डियन पत्रकारलाई भने जस्तै– बात कर्ते हो ?

**- बन्धना घिमिरे**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# कृषि नीति र नेपाल

**कृषि क्षेत्रमा बैंकहरुको लगानीसम्बन्धि नीति तथा व्यवस्था झण्झटिलो एवं धितोमा समेत आधारित भएकाले सबै किसानहरुको बैंकिङ क्षेत्रसम्म सहज पहुँच पुग्न सकेको छैन् । साथै बैंकिङ क्षेत्रको सीमितताले कृषि क्षेत्रको व्यापकतालाई सम्बोधन गर्न सकेको छैन् ।**



● सुशील अर्याल

नेपाल कृषि प्रधान देश हो भन्ने मान्यता स्वयं राज्यले स्वीकार गरिरहेको छ । तथ्यांकअनुसार ६०.४ प्रतिशत जनताले कृषि पेशा गर्दछन्, जसमध्ये ७३ प्रतिशत महिलाहरु कृषि पेशामा आवद्ध रहेका छन् । वार्षिक ५ लाखभन्दा बढी रोजगारी कृषि क्षेत्रले नै सिर्जना गरेको छ । कृषि क्षेत्रले राज्यको कुल ग्राहस्थ उत्पादनमा २३ प्रतिशत योगदान पुर्‍याएको छ । तर कृषिजन्य उपभोगको ठुलो हिस्सा हामीले आयातमार्फत पुर्ती गर्ने गरेका छौं ।

आजको दिनमा केहि अपवाद बाहेक कृषि क्षेत्रले आम युवा वर्गलाई आकर्षित गर्न सकेको छैन् । युवाहरुले देशमै कृषि क्षेत्रमा काम गर्नुको सट्टा खाडी वा अन्य मुलुकको रोजगारीलाई राम्रो रुपमा स्वीकार गर्ने गरेका छन् । राज्यभित्र आवश्यक कृषिजन्य उपभोग्य ठुलो सामाग्रीको आयात हुनु, कृषिजन्य कच्चा पदार्थको उत्पादन स्वदेशमा आवश्यक मात्रामा हुन नसक्नु, कृषि क्षेत्रमा युवाहरुको आकर्षण हुन नसक्नु समृद्ध राष्ट्र निर्माणको लागि गम्भिर चुनौती हुन् । त्यसैले अब मुलुकले अंगिकार गरिरहको कृषि नीतिमा समिक्षा गर्नु बाञ्छनिय देखिएको छ ।



### कृषि क्षेत्रको आवश्यकता

हाम्रो जस्तो विकासोन्मुख मुलुकमा समृद्धिको मुख्य आधार भनेको कृषि हो । कृषि उपज र कृषिजन्य कच्चा पदार्थ नै औद्योगिकरणको आधार स्तम्भ हुन् । कृषिको आधुनिकिकरण र व्यापक उत्पादन बिना औद्योगिकरणको सम्भावना हुन सक्दैन् । आहिले हाम्रो देशमा जेनतेन चलेका अधिकांश प्रकारका उद्योग र बजार मुख्यत बैदेशिक कच्चा पदार्थ र वस्तुमा निर्भर रहेका छन् ।

हाम्रो मुलुकको अधिकांश भूगोल उत्पादनको दृष्टिले विविधतायुक्त र व्यापक सम्भावना बोकेर बसेका छन् । बैदेशिक आयातलाई प्रतिस्थापन गरेर आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न कृषि क्षेत्रको आधुनिक विकास अपरिहार्य देखिन्छ । कृषि पेशामा निर्भर लाखौं जनताको जीवनस्तर उकास्न कृषिलाई आधुनिकिकरण गरि विकास गर्न जरुरी देखिन्छ । आद्योगिकरण र रोजगार सिर्जनाको लागि पनि कच्चा पदार्थको मुख्य स्रोत कृषि भएकाले यसको विकास अनिवार्य गर्नुपर्ने आवश्यकता छ ।

### राष्ट्र बैंकको कृषि कर्जा नीति

राष्ट्र बैंकको नीतिअनुसार बैंकिङ क्षेत्रले आफ्नो लगानीको निश्चित प्रतिशत हिस्सा कृषि क्षेत्रमा लगानी गर्नुपर्ने हुन्छ । राष्ट्र बैंकको सो नीति एवं व्यवस्थाको कारणले कृषि क्षेत्रमा लगानीको मात्रा बढेको देखिन्छ । नेपाल राष्ट्र बैंक अनुसन्धान विभागका अनुसार बैंक तथा सहकारीले झण्डै २ खर्ब ५४ अर्ब रुपैयाँ कृषि क्षेत्रमा लगानी गरेका छन् ।

किसानहरुले बैंकिङ क्षेत्रबाट कृषि व्यवसायको लागि न्युनतम ५ प्रतिशत ब्याजमा पाँच वर्षभित्र भुक्तान गर्नेगरि सहुलियतपुर्ण कर्जा प्राप्त गर्ने व्यवस्था रहेको छ । बैंकहरुले किसानहरुलाई प्रदान गर्ने सहुलियत कर्जा तरकारी खेति, खाद्यान्न, पशुपालन, माछापालन, नगदेवाली, फलफुल, शितभण्डार, कृषि बजार, आदि लगायत क्षेत्रमा लगानी गर्ने गरेका छन् ।

> आजको दिनमा केहि अपवाद बाहेक कृषि क्षेत्रले आम युवा वर्गलाई आकर्षित गर्न सकेको छैन् । युवाहरुले देशमै कृषि क्षेत्रमा काम गर्नुको सट्टा खाडी वा अन्य मुलुकको रोजगारीलाई राम्रो रुपमा स्वीकार गर्ने गरेका छन् ।

कृषि क्षेत्रमा बैंकहरुको लगानीसम्बन्धि नीति तथा व्यवस्था झण्झटिलो एवं धितोमा समेत आधारित भएकाले सबै किसानहरुको बैंकिङ क्षेत्रसम्म सहज पहुँच पुग्न सकेको छैन् । साथै बैंकिङ क्षेत्रको सीमितताले कृषि क्षेत्रको व्यापकतालाई सम्बोधन गर्न सकेको छैन् ।

### कृषिजन्य उपजको आयात निर्यातको अवस्था

नेपालले आर्थिक वर्ष ०३५/०३६ मा २४ करोड ३८ लाख ३६ हजार मुल्य बराबरको चामल निर्यात गरेको थियो, तर आर्थिक वर्ष ०७६/०७७ मा भने धान चामल मात्रै ३३ अर्ब ४५ करोड बराबरको भित्रिएको छ । सोहि आर्थिक वर्षमा झण्डै साढे २ खर्ब बराबरको कृषिजन्य उपजको आयात भएको छ ।

केन्द्रिय तथ्यांक विभागका अनुसार विगत १ दशकमा कृषि क्षेत्रको वार्षिक बृद्धिदर औसतमा ३ प्रतिशत मात्रै रहेको छ । पछिल्लो समय वर्णशंकर जातका विउविजनको विकास भएको भएतापनि त्यसको अनुपातमा मलखाद, सिंचाई, ज्ञान, प्रविधि, आदि लगायतका विषयहरुको विकास नहुँदा हाम्रो मुलुकले उत्पादनमा फड्को मार्न सकेको छैन् ।

सरकारले अंकको हिसावले वर्षेनी रुपमा कृषि क्षेत्रमा लगानी वृद्धि गरिरहेको देखिन्छ । अनुसन्धान, रासायनिक मल, प्रविधि, भण्डारण, बजारीकरण, आदि धेरै क्षेत्रमा राज्यले अनुदान वा लगानी बढाउँदै लगेको छ । तर तिव्र गतिमा विकास भइरहेको विश्व र हाम्रो चुलिंदो विविधतायुक्त आवश्यकतालाई सम्बोधन गर्नको लागि राज्यले कृषि क्षेत्रमा अगाडि बढाएको नीति तथा कार्यक्रम प्रयाप्त नभइरहेको देखिन्छ । अब यो विषयमा मुख्यतः सबै तहका सरकारहरुले निर्णायक हिसाबले सोच्न र आवश्यक कार्यक्रम अगाडि बढाउन ढिला गर्नुहुँदैन् ।

### कृषिमा विकासको लागि दिंगो मार्ग

ग्रामीण भेगमा जन्मिएको म सामान्य खेती किसानीको छोरो गाई, भैंसी गोठालो, घाँसदाउरा, मेलापातमै बित्यो।

**गायन क्षेत्रमा कसरी र कहिले प्रवेश गर्नुभयो ?**

गाउँमा खासै बस्ने माहोल थिएन, द्वन्द्वकालको समय हामीलाई बाँच्न मुस्किल बनायो। त्यसैले २०५७ मा काठमाडौ प्रवेश गरें। बाल्यकालदेखि नै गीतसंगीतलाई माया गर्थे। स्कुले जीवनमा केही प्रतियोगिताहरुमा भाग लिने अवसरहरु पनि जुट्यो र ६० सालपछि अन्य कार्यक्रमहरुमा भाग लिएर यो क्षेत्रमा प्रवेश गरें। त्यसताका गाउँकै एकजना गायिका मिनामैया थापासँग प्रतियोगीताको शिलशिलामा नजिक भयौं। उहाँले अग्रज दाजु श्रीराम रायमाझी दाइसँग सम्पर्क गराइदिनुभयो त्यही समयमा मैले 'लर्के वर ढल्के पिपलु' एल्बमको तयारी गरें। त्यतिखेर क्यासेट राम्रै बिक्थ्यो। मिनालाई पनि गाउन लगाएँ। गीत चल्ने समयमा बाध्यताले विदेशिनुपऱ्यो, त्यसपछि केही समय संगीतबाट टाढिएँ। अहिले यही कर्ममा निरन्तर छु।

**तपाइँको पहिलो एल्बम कुन हो र कति सालमा गीत रेकर्ड गर्नुभयो ?**

मैले २०६४ सालमा गाउँकै एक गायिकालाई लिएर गीत रेकर्ड गरें। पहिलो एल्बममा त्यही गीत समाबेस गरें। मलाई म भनेर त्यही गीतले नै चिनायो। मेरो पहिलो एल्बम 'लर्के वर ढल्के पिपलु हो'। त्यति बेला रिलको जमाना भएका कारण एउटा एल्बममा साइड ए र बी गरेर दुईवटा गीत समावेश गरिन्थ्यो। साइड बी मा 'जाऊँ घुम्न नवलपुर' बोलको गीत समावेश गरें भने साइड ए मा लर्के बर ढल्के पिपलु समावेश गरेर निकालें। एल्बमले राम्रै कमाएँ पनि।

**पहिले र अहिलेमा गीतसंगीतको अवस्थामा के भिन्नता पाउनुहुन्छ ?**

अहिले प्रविधिको जमाना हो, एकदमै सजिलो र सहज छ। पहिला प्रविधिको विकास भइसकेको थिएन, एउटा एल्बममा लगभग ४४ देखि ४५ मिनेटको गीत हुन्थ्यो सबै शब्दहरुलाई नरोकिइकन पुरै गाउनु पर्थ्यो। खानपानमा ध्यान दिनु पर्थ्यो, एउटा एल्बमको गीत गाउन ४ दिन पनि लाग्न सक्थ्यो भने अहिले सहजरुपमा जो कोहीले पनि किस्ता किस्ता गाएर पनि जोडजाड गरेर गीत बनाउन सकिन्छ र अहिले १० देखि १५ मिनेट गाउन सक्यो भने जो पनि गायक बन्न सक्छन्। यही भिन्नताले गायन क्षेत्र अलि फितलो भएको महसुस गर्छु।

**तपाईं त लोक गायक यहाँ काँठे र पश्चिमेली भन्ने चलन छ, तपाईं कुन अन्तर्गत पर्नुहुन्छ ?**

यो काँठे र पश्चिमेली भनेर पछिल्ला पिंढीहरुले नाम दिएका हुन्, आखिर लोकलयमा गाइने गीत सबै लोक दोहोरी गीत हुन्। यहाँ काँठे र पश्चिमेली भनेर क्षेत्र छुट्याइएको छ, त्यो नै विवाद देख्छु। यसले गायक तथा गायिकाहरुलाई विवादित बनाएर धरासायी बनाउने काम मात्र गरेको छ। मलाई चाहिँ यस्तो किसिमको भेदभाव मन पर्दैन। जब पाटो छुट्याइन्छ संगीतमा पनि राजनीति हुन्छ यसले एक पक्ष बलियो र अर्को पक्ष कमजोर सावित गराउँछ। त्यसैले यो तोडिनुपर्छ।

**गीतसंगीतमा यौन अश्लीलता बढी पाइन्छ, के अहिलेको गायन क्षेत्र अश्लीलताले धानेको हो ?**

यौन भन्नाले अश्लीलता नै हुनुपर्छ भन्ने जरुरत छैन। यो विषयमा घुमाइफिराइ गरेर शब्दचयन गर्न सकिएन भने अश्लीलता झल्किन्छ। राज्यबाट नै केही कानून बन्न जरुरी छ। हरेक व्यक्ति वा संस्थालाई जे पनि गर्न पाउने छुटले गर्दा विकराल परिस्थिति निम्तिन सक्छ र संगीत क्षेत्रमा एउटा सेन्सर बोर्डको स्थापना हुनुपर्छ, त्यहाँ बनेका मापदण्डहरुबाट पारित भइसकेपछि मात्रै गीत सार्वजनिक गर्न पाइने नीति ल्याइनुपर्छ। होइन भने यस्ता किसिमका अश्लीलताले आगामी दिनहरुमा झन् उग्ररुप लिन सक्छ।

**तपाईंको विचारमा संगीत के हो ?**

वास्तवमा गीत भनेको गाउनका लागि रचिएको लयात्मक तथा सुललित पद्य रचना हो अनि संगीत भनेको शब्दमालामा सुहाउँदो धुन भर्नु हो। तर मेरो लागि चाहिँ संगीत मेरो साथी र साधना हो।

**घर तथा पारिवारबाट संगीत क्षेत्रमा कतिको साथ सहयोग पाइराख्नुभएको छ ?**

सबैभन्दा पहिले मेरी श्रीमतीको साथ सहयोग पाएको छु। सायद उनको साथ र सहयोग नभइदिएको भए यो स्थानमा हुँदिन थिएँ होला। बुवा, मुमा, भाइ बहिनीहरुबाट ठिकठिकै छ।

**अहिलेसम्म कतिवटा एल्बम निकाल्नु भयो ? कति गीत लेख्नुभयो ? र कतिमा आवाज दिनुभयो ?**

आफ्नै नाममा रहेको एल्बम चाहिँ एक दर्जन नाघ्यो, आवाजकै कुरा गर्नुपर्दा धेरै दोहारी गीतहरु स्टेज प्रोगामहरु गरेको छु। ३० वटा जति गीतहरुमा आवाज भरेको छु। गीत लेखेको चाहिँ लगभग छ दर्जन जति पुग्यो होला। हालै पनि केही गीत निक्लिँदै छ।

**अहिले केमा व्यस्त हुनुहुन्छ ? के गर्दै हुनुहुन्छ ?**

अहिले म गीतसंगीतमा नै व्यस्त छु, अबको केही दिनमै यो महिनाको अन्त्यतिर लर्केबर ढल्के पिपलु २ अलि फरक ढंगले बजारमा ल्याउँदैछु, गीतको सुटिङ चलिरहेको छ भने दशैंका लागि एउटा नयाँ गीत पनि गरिरहेको छु।

**यो क्षेत्रमा पुरूषको तुलनामा महिलालाई कतिको गाह्रो अप्ठेरा छन् ?**

यसमा ठ्याक्कै यस्तो नै हो भन्न सकिने अवस्था छैन कतिपय महिला मित्रहरुलाई गाह्रो हुन सक्छ त्यो उहाँहरुकै कारण हो। त्यो त आफुले गर्ने र भोग्ने व्यवहारमा भर पर्छ। मैले चाहिँ आजसम्म सबै महिला मित्रहरुलाई सम्मानित व्यवहार गरेको छु र पाएको छु। अन्य कुराहरुमा व्यक्ति आफैं संयमित हुनुपर्छ। किनकी आफू भलो त जगतै भलो।

**अन्त्यमा तपाईंका दर्शक तथा स्रोतालाई केही भन्न चाहनुहुन्छ ?**

सम्पूर्ण भगवानरुपी दर्शक तथा स्रोताहरुलाई सांगीतिक नमन। साथै उहाँहरुकै माया, साथ र हौसलाले अहिले यो स्थानमा छु। तपाईंहरुको माया र साथले नै हामीलाई थप हौसला मिल्ने गर्दछ। तसर्थ आगामी दिनहरुमा पनि यस्तै साथ सहयोग पाइराखौं। मेरो आउँदै गरेको गीत लर्केबर ढल्के पिपलु २ सुनिदिनुहोला, साथै प्रतिकृया पनि दिनुहोला। अन्त्यमा मध्यान्हलगायतका टिमलाई धन्यवाद।

> **"स्कुले जीवनमा केही प्रतियोगिताहरूमा भाग लिने अवसरहरू पनि जुट्यो र ६० सालपछि अन्य कार्यक्रमहरूमा भाग लिएर यो क्षेत्रमा प्रवेश गरें। त्यसताका गाउँकै एकजना गायिका मिनामैया थापासँग प्रतियोगीताको शिलशिलामा नजिक भयौं। उहाँले अग्रज दाजु श्रीराम रायमाझी दाइसँग सम्पर्क गराइदिनुभयो त्यही समयमा मैले 'लर्के वर ढल्के पिपलु' एल्बमको तयारी गरें। त्यतिखेर क्यासेट राम्रै बिक्थ्यो। मिनालाई पनि गाउन लगाएँ।**

## छायांकार मरासिनी सम्मानित

काठमाडौं : छायांकार सुनिता मरासिनी सम्मानित भएकी छिन्। राजधानीमा एक्टिभ इन्टरटेनमेन्ट प्रालिको आयोजनामा सम्पन्न 'राष्ट्रिय कलाकार तथा सर्जक सम्मान २०७८' बाट मरासिनीलाई सम्मान गरिएको हो।

कार्यक्रमका प्रमुख अतिथी पूर्व शहरी विकास राज्यमन्त्री रामवीर मानन्धरले मरासिनीलाई माला, खादा र सम्मानपत्रले सम्मान गरेका थिए। मरासिनीले छायांकारका रुपमा




आफूलाई अब्बल रुपमा प्रस्तुत गर्दै आएकी छिन्। छायांकारका रुपमा उनी अग्रस्थानमा छिन्। उनलाई यस क्षेत्रमा पुऱ्याएको योगदान स्वरुप सम्मान गरिएको आयोजकले बताएको छ।

## प्रमोद खरेलको 'बा आमा'

**काठमाडौं/मस–** आमा बुबाका विषयमा संसारमा कति कृति सिर्जना भए, कति सिनेमा, गीत, कथा कविता र अन्य रचनाहरु भए ? तुलनात्मक रुपमा अन्य विषय भन्दा अत्यन्त कम नै छन्। नेपालमा पनि आमाबुबा सम्बन्धीका सिर्जनाहरु नगण्यमात्रामा मात्र छन्।

यही आवश्यकता पूर्ति गर्न र आमा बुबाप्रति सन्तानहरुको धारणा कस्तो हुनु पर्छ भन्ने भावको 'बा आमा' शीर्षकको गीत गीतकार निश्चल श्रेष्ठले सार्वजनिक गरेका छन्। उक्त गीतमा विकास चौधरीले मर्मस्पर्शी संगीत भरेका छन् भने लोकप्रिय गायक प्रमोद खरेलले जिवन्त आवज दिएका छन्।

मंगलबार कुशे औंशी अर्थात बुबाको मुख हेर्ने दिनको अवसरमा सार्वजनिक गरिएको यस गीतमा धेरैले आफ्ना आमा बुबासँग टिकटक बनाउन सक्ने छन्। टिकटक प्रतिस्पर्धा पनि आयोजना




गरेको गीतकार निश्चल श्रेष्ठले बताएका छन्। उत्कृष्ट तीन जनालाई पुरस्कार र यस गीतको अफिसियल म्युजिकल फिल्ममा अभिनय गर्ने अवसर समेत प्रदान गरिने छ। ग्लोबल प्रोडक्सन प्रा.लि.को युट्युब च्यानलबाट सार्वजनिक भएको गीत अहिले लिरिकल भर्सनमा छ भने चाँडै नै भिडियो निर्माणको क्रममा रहेको बताइएको छ। एउटा सन्तानले आफ्ना आमा बुबालाई कुन रुपमा देख्छन् र महसुस गर्छन् भन्ने भाव गीतमा गहन रुपमा प्रस्तुत गरिएको छ। मिरा साउण्ड स्टुडियोमा रेकर्ड भएको यस गीतमा एरेन्जर रोशन बान्तवा, रेकर्डिष्ट सुबास कुथुमी राई, गीतार वर्क संजीव लिम्बु, ढोलक/तबला/मादल भरत बुढाथोकी, बाँसुरी संजीव मैनाली र मिक्सिङ गोविन्द सोनीले गरेका हुन् भने लिरिकल भिजुअल इडिट के.पी. देवकोटा तथा पोष्टर डिजाइन चिरंजीवी नौवागेले गरेका हुन्।


साउदीमा रोजगार | कम्पनी: PROVIDED CITIES FOR ROAD TRANSPORT
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०५/१३ चलानी नं.: ६०१६२५११ LT. No.: 244409

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 5 | 0 | स. काममा दक्ष | 1800 | ५५,९९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २९ र ३० गते (14 & 15 Sep. 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

J J Human Resource Pvt. Ltd.
Sinamangal-9, Manpower Bazar, Kathmandu, Tel : 4486825, 4486826
Mob.: 9851228946, 9851008265, 9851053767, Fax : 4486826
E-mail : jjhumanresource1040@gmail.com info@ jjhumanresource.com, Web : jjhumanresource.com
श्रम इजाजत नं.: १०४०/०७३/०७४

QATAR मा रोजगारको अवसर | कम्पनी: GULF CENTRE FOR FOODSTUFFS
शहर: QATAR

पूर्व स्वीकृत मितिः २०७८/०४/२७ चलानी नं.: ६०१६१३८३ L.T. No.: 242879 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 15 | 0 | स. काममा दक्ष | 1100 | ३५,२४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ ३० गते (15 September 2021) मा हुनेछ।


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।


| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निशुल्क |

Jobs Global.Com Employment Services Pvt. Ltd.
P.O. Box: 23080, Basundhara, Kathmandu, Nepal
Tel : 5907240, 5907280, 4002624, 4002625, 9801100112, 9801100113, Fax: +977-1-4002625
Email: jobsglobalnepal@gmail.com | Web: www.jobsglobal.com
https://www.facebook.com/JobsglobalNepal
Govt. Lic. No 192/057/058

कतारमा रोजगार | कम्पनी: TRUCKS & CRANES SERVICES LLC
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/२१ चलानी नं.: ६०१६२५४३ L.T. No.: 244645

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Blacksmith | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,४४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mechanic | 1 | 0 | | 2000 | ६४,०८० | | | | | | | |
| 3. | Driver | 1 | 0 | | 1700 | ५४,४६८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ३० गते (15 September 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– रोजगार दाताले | रु. १,५००/– रोजगार दाताले | निःशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।


Mashareq International Overseas (P) Ltd.
सिनामंगल–९, काठमाडौ, नेपाल, फोनः ०१– ४४९९७६३, ४४७८३३५
Govt. Lic No. 415/060/61

कतारमा रोजगार | कम्पनी: CITY STARS CONTRACTING
शहर: QATAR

पूर्व स्वीकृत मितिः २०७८/०५/२१ चलानी नं.: ६०१६२५३४ LT. No.: 244988

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 6 | 0 | स. काममा दक्ष | 1000 | ३२,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ३० गते (15 September 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।


Link International Placement Service Pvt.ltd.
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Tokha-10, Prayasnagar, Samakhusi, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

# पपुवा न्युगिनीमाथि नेपालको संघर्षपूर्ण जित



**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ भदौ

नेपालले एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा पपुवा न्युगिनी (पिएनजी) लाई पराजित गरेको छ। ओमानको अल अमिरात क्रिकेट मैदानमा मंगलबार भएको खेलमा नेपालले पिएनजीलाई दुई विकेटले पराजित गरेको हो। पीएनजीले दिएको १ सय ३५ रनको सामान्य लक्ष्य नेपालले ३९ ओभर ३ बलमा ८ विकेट गुमाएर पूरा गऱ्यो।

हारतर्फ अग्रसर नेपाललाई जित दिलाउनका लागि रोहित पौडेल र सोमपाल कामीको प्रदर्शन उत्कृष्ट रह्यो।

यसअघि टस जितेर पहिले ब्याटिङ गरेको पपुवा न्युगिनीले ३३ ओभरमा सबै विकेट गुमाएर एक सय ३४ रन बनायो। उसका लागि लेगा सियाकाले सर्वाधिक ३० रन बनाए भने चार्ल्स अमिनीले २३ र गौडी टोकाले २२ रन बनाए।

बलिङतर्फ नेपालको लागि सन्दीप लामिछानेले १० ओभरमा ३५ रन गुमाएर चार विकेट लिए। यस्तै कुशल मल्ल, बिक्रम सोबले समान दुई विकेट लिए भने सोमपाल कामीले एक विकेट हात पारे।

जवाफी ब्याटिङ गरेको नेपालले पहिलो विकेटको लागि ४६ रनको साझेदारी गरेको थियो। राम्रो सुरुआत गरेपनि सम्हालेर खेल्न नसक्दा खेलमा दबाब व्योहोर्नु पर्यो।

८२ रन बनाउँदा ६ विकेट गुमाएको नेपालको लागि रोहित पौडेल र सोमपाल कामीले धैर्यपूर्वक ब्याटिङ गर्दै खेल जिताए। नेपालले ३९.३ ओभरमा आठ विकेट गुमाउँदै एक सय ३५ रन बनायो।

नेपालको लागि रोहितले ६५ बलमा दुई चौकासहित ४१ रन बनाए। यस्तै आसिफ शेखले ४६ बलमा चार चौकासहित ३० रन बनाए। सोमपाल कामीले नटआउट २२ रन बनाए भने ओपनर कुशल भुर्तेलले १५ रन बनाए। पपुवा न्युगिनीको लागि गौडी टोकाले तीन विकेट लिए भने डेमियन राभु र चाड सोपरले दुई/दुई विकेट लिएका थिए।

एकदिवसीय वरीयतामा नेपाल १६ औं र पपुवा न्युगिनी २० औं स्थानमा छन्। दुई टोलीबीच एकदिवसीय खेलमा चार पटक भेट भएको थियो। तर तीन खेलमा नेपाल पराजित हुन पुगेको थियो। पपुवा न्यूगिनीसँग खेल्ने दुई एकदिवसीय प्रतियोगिता विश्व क्रिकेट लीग २ अन्तर्गतको तयारी प्रतिस्पर्धा हो। अर्को खेल भदौ २५ मा हुनेछ। यी दुई खेलपछि नेपालले ओमान र अमेरिका सम्मिलित लीग-२ मा प्रतिस्पर्धा गर्नेछ। सन् २०२३ सम्म ३६ एकदिवसीय खेल खेल्ने लीग २ सर्कलमा नेपालले जम्मा चार खेल खेलेको छ। तीनमा दुईमा जित र दुईमा हार बेहोरेको छ। सात राष्ट्र सम्मिलित यो प्रतियोगिता विश्वकप २०२३ को छनोट यात्राको एउटा शृंखला हो। ओमान भ्रमण वाटमोरको नेपालको लागि प्रशिक्षकका रूपमा अन्तिम प्रतियोगिता हुनेछ।

## सोबको कीर्तिमान



राष्ट्रिय टोलीमा सोबको डेब्यू विशेष बन्यो। तीव्र गतिका यी बलरले पहिलो अन्तर्राष्ट्रिय खेलको पहिलो बलमै विपक्षीको विकेट लिएर नयाँ कीर्तिमान कायम गरे। दोस्रो ओभरमा बलिङ गर्न आएका उनले टोनी उरालाई बोल्ड गरिदिएका थिए। एकदिवसीय क्रिकेटमा पहिलो खेलको पहिलो बलमा नै विकेट लिने उनी पहिलो नेपाली खेलाडी बने। समग्रमा यस्तो दुर्लभ उपलब्धि हात पार्ने उनी विश्वका २८ औं खेलाडी बनेका छन्।

पाँच ओभर बलिङ गर्ने मौका पाएका सोब सुरुका दुई विकेट लिन सफल भए। पछिल्लो पटक सोब सन् २०१६ को विश्व क्रिकेट लीग च्याम्पियनशिप खेल्ने द नेदरल्यान्ड्स भ्रमणमा टोलीमा सहभागी थिए। तर उनी 'प्लेइङ ११' मा भने अटाउन सकेनन्। प्रशिक्षक डेभ वाटमोरले करण केसी र अविनाश बोहोराजस्ता अनुभवी खेलाडीलाई बेन्चमा राखी सोबलाई मौका दिएका थिए।

# भलिबलको फ्रेन्चाइज लिग हुने




**काठमाडौं/मस–** नेपाल सुपर लिग (एनएसएल) महिला तथा पुरुष फ्रेन्चाइज भलिबल लिग आयोजना हुने भएको छ। नेपाल स्पोर्ट्स म्यानेजमेन्ट एण्ड इभेन्ट्स कम्पनीले मंगलबार पत्रकार सम्मेलन गर्दै एनएसएल महिला तथा पुरुष फ्रेन्चाइज भलिबल लिगको घोषणा गरेको हो।

लिगको लागि इभेन्ट्स कम्पनीले नेपाल भलिबल संघसँग १० वर्षको सम्झौता समेत गरेको छ। सम्झौता पत्रमा संघका उपाध्यक्ष निरोज मास्के र एनएसएलका अध्यक्ष आश्रेता कार्की चौधरीले हस्ताक्षर गरे। सम्झौतासँगै प्रतियोगिताका लागि संघले प्राविधिक सहयोग गर्नेछ भने व्यवस्थापन र लागत खर्च इभेन्ट्स कम्पनीले व्यहोर्नेछ।

पहिलो संस्करणको प्रतियोगिता नोभेम्बर १७ देखि डिसेम्बर १७ सम्म गर्ने लक्ष्य राखिएको एनएसएलले जनाएको छ। दोस्रो संस्करणबाट होम एण्ड अवेको आधारमा विभिन्न शहरमा खेलाईने बताईएको छ। सम्झौतापछि एनएसएलका अध्यक्ष चौधरीले भलिबल खेल र खेलाडीलाई व्यावसायिक बनाउन भूमिका खेल्ने बताइन्। महिला र पुरुष भलिबल खेल र खेलाडीलाई व्यवसायिक बनाउन भूमिका खेल्ने उनको भनाइ छ।

पत्रकार सम्मेलनमा राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव रमेश सिलवालले भलिवल लिगबाट राष्ट्रिय टिममा समावेश हुनका लागि मौका हुने बताए। उनले खेललाई व्यवसायीक रुपमा लैजान लिगले भूमिका खेल्ने विश्वास व्यक्त गरे।

स्पोर्ट्स म्यानेजमेन्ट कम्पनीले यस वर्षको सुरुवातमा फुटबलको फ्रेन्चाइज नेपाल सुपर लिग (एनएसएल) सञ्चालन गरेको थियो। एनएसएलको समापन समारोहमा भलिबलको फ्रेन्चाईजको घोषणा गर्ने तयारी थियो।

### ए डिभिजन राष्ट्रिय फुटसल लिग

# पहिलो खेलमा राइजिङ क्लब र स्काइ गोल्स भिड्ने



**काठमाडौं/मस–** असोज पहिलो साताबाट पोखरामा आयोजना हुने ए डिभिजन राष्ट्रिय फुटसल लिगको उद्घाटन खेलमा द राइजिङ क्लब, धरान र स्काई गोल्स काठमाडौंबीच प्रतिस्पर्धा हुने भएको छ। आगामी महिना पोखरामा हुने राष्ट्रिय फुटसल प्रतियोगिताको खेलतालिका मंगलबार सार्वजनिक गरिएको छ।

ललितपुरस्थित अखिल नेपाल फुटबल संघ एन्फा मुख्यालयमा भएको टाइसिट 'ड्र'बाट सार्वजनिक गरिएको तालिकामा द राइजिङ क्लब र स्काई गोल्स काठमाडौंले प्रतिस्पर्धा गर्ने भएका हुन्। यस्तै दिनको दोस्रो खेल स्पोर्ट्स क्यासल पोखरा र प्रभातफेरी युथ क्लबबीच हुने कार्यतालिका रहेको छ।

असोज २ गतेदेखि २२ गतेसम्म पोखरास्थित बहुउद्देश्य कभर्डहलमा आयोजना हुने प्रतियोगितामा १० टोलीको सहभागीता रहने छ। जसमा बागमती प्रदेशबाट ४ सहित अन्य प्रदेशबाट ६ टोलीको सहभागिता हुने बताइएको छ। सहभागी सबै टोलीका प्रतिनिधिको रहोबरमा मंगलबार खेलतालिका सार्वजनिक गरिएको हो। खेल २०/२० मिनेटको हुने आयोजकले बताएको छ।

राउन्ड रोबिन लिग ढाँचामा आयोजना हुने खेलमा एक आपसको प्रतिस्पर्धापछि शीर्ष चारमा अटाएका टोलीले इलिमिनेटर क्वालिफायर खेल्नेछन्। शीर्ष दुई टोलीबीचको प्रतिस्पर्धाबाट जीत निकाल्ने टोली सोझै फाइनल प्रवेश गर्नेछ भने पराजित टोलीले तेस्रो र चौथो स्थानका टोलीबीचको विजेता टोलीसँग फाइनल प्रवेशका लागि प्रतिस्पर्धा गर्नेछ।

२१ दिनसम्म सञ्चालन हुने प्रतियोगिताको बिजेताले १० लाख र उपविजेताले ५ लाख रुपैयाँ पुरस्कार पाउने छ। यस्तै, उत्कृष्ट पिभोट (मिडफिल्डर) आला (विंगर), फिक्सो (डिफेन्डर), प्रशिक्षक, उदीयमान खेलाडी र गोलरक्षकले समान २५ हजार नगद पुरस्कार पाउने आयोजकले जनाएको छ।

# पलेशा ओलम्पिक वरीयताको शीर्ष पाँचमा




**काठमाडौं/मस–** नेपाली पारा तेक्वान्दो खेलाडी पलेशा गोबर्धन ओलम्पिक वरीयताको पाँचौं स्थानमा उक्लिएकी छिन्। मंगलबार सार्वजनिक गरिएको नयाँ वरीयतामा पलेशा आफ्नो तौल समूहको शीर्ष पाँचमा उक्लिएकी हुन्। यसअघि पलेशा १३ औं स्थानमा रहेकी थिइन्।

जापानमा जारी टोकियो पारालिम्पिकमा सहभागिता जनाएकी पलेशाले उत्कृष्ट प्रदर्शन गरेकी थिइन्।

पारालिम्पिकमा पलेशाले 'के ४४' क्याटगोरीको महिला ५८ केजीमुनि तौल समूहमा प्रतिस्पर्धा गरेकी थिइन्। तर, रिपिचेजको फाइनलमा पराजित भएपछि पलेशा कास्य पदक जित्नबाट बन्चित भएकी थिइन्।

गत शुक्रबार भएको रिपिचेजको फाइनलमा पलेशा चीनकी युजी लीसँग १२-९ ले पराजित भएकी थिइन्। नेपालले हालसम्म पारालिम्पिकमा पदक जित्न सकेको छैन।


## Malika Rural Municipality
## Arkhawang, Gulmi
### Invitation For Bids
**Date of publication: 08th Sept., 2021**

1. Malika Rural Municipality, Arkhawang, Gulmi invites electronic bids from eligible bidders for the procurement of works as specified here under.
2. Electronic Bidding Document is available online and can be downloaded from PPMO's website http://www.bolpatra.gov.np/egp, The Bidders have to download the necessary part of bidding documents, prepare their bid and submit electronic bids as specified in the Instructions to Bidders. The Bidder shall be required to deposit the non-refundable fee as specified below and electronic scanned copy (in PDF format).
   Information to deposit the cost of Bidding Document in Bank:
   Name of the Office: Malika Rural Municipality, Arkhawang, Gulmi
   Name of Bank: Bank of Kathmandu Ltd. (Branch of Malika Gulmi)
   Account no: 018400000051524 (Sthaniya taha sanchit kosh khata, malika ga pa)
3. Bids must be submitted electronically before respective dates. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders representatives who choose to attend at respective date and time at the office of Malika Rural Municipality, Arkhawang, Gulmi.
5. Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security amounting as stated below, deposited at (Sthaniya taha dharauti khata (malika ga pa), A/C No.: 018400000054524) on behalf of Malika Rural Municipality, Arkhawang, Gulmi or Bid Bond authorized from a recognized commercial bank of Nepal, which shall be valid for minimum 30 days beyond the bid validity period.
6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
7. In case of confusion/queries, contact: 9867386052, 9857067906 within office hours. The name, identification number and other details of the contract are as follows:

| SN | Contract Name | Identification No. | Estimated Amount Inclusive of VAT | Bid Document Fee (NRS) | Bid security Amount (NRS) | Last Date of Bid Submission | Bid Opening Date | Mode |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction of Sairepokhara\ Cricket Ground | OMRM-GUL-W-NCB-17-078/079 | 2,899,736.51 | 3,000.00 | 73,000.00 | 10/10/2021 12:00 | 10/10/2021 13:00 | Online |

यस कार्यालयबाट मिति २०७८/०५/११ (27/Aug/2021) मा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना, ठेक्का नं (OMRM–GUL–W–NCB–15–078/079, OMRM–GUL–W–NCB–16–078/079) मा (Estimated Amount Inclusive of VAT) भएकोमा "Estimated Amount "Exclusive" of VAT" रहेको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

**Chief Administrative officer**



## साउदीमा रोजगारको अवसर
१. कम्पनी: MAXCO FOR CONTRACTING EST — शहर : RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०५/२२ चलानी नं.: ६०१६२५७८ LT. No.: 245167

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 45 | 0 | स. काममा दक्ष | 1000 | ३१,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ३० गते (15 Sep. 2021) मा हुनेछ।
अन्तर्वार्ता जनप्रिय होटल, कास्की-८, पोखरामा २०७८ भदौ ३० गते (15 Sep. 2021) मा हुनेछ।
अन्तर्वार्ता तुलिप होटल, बुटवल-१, रूपन्देहीमा २०७८ भदौ ३१ गते (16 Sep. 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Al Shahid Overseas Pvt. Ltd.**
Gov. Lic. No. 1329/074/75
Banshidhar Marg-04,Chandol, Kathmandu, Nepal, Tel: 4414440, 4443434
E-mail: alshahidnepal@gmail.com, info@alshahidnepal.com, resumeshahid@gmail.com



## साउदी र कतारमा रोजगार
१. कम्पनी : VECTORS EAST FOR TRANSPORT — शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०७८/०५/२२ चलानी नं.: ६०१६२५७७ L.T. No.: 244094

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 30 | 0 | स. काममा दक्ष | 1800 | ५५,९९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ३० गते (15 September 2021) मा हुनेछ।

२. कम्पनी: REDCO INTERNATIONAL WLL — शहर: QATAR
पुर्व स्वीकृत मिति: २०७८/०२/३० चलानी नं.: ६०१५८६८८ L.T. No.: 240923 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painter | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४०,४४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | mason | 2 | 0 | | 1300 | ४०,४४३ | | | | | | | |

३. कम्पनी: REDCO INTERNATIONAL TRADING & CONTRACTING WLL — शहर: QATAR
पुर्व स्वीकृत मिति: २०७७/११/०७ चलानी नं.: ६०१५४६७६ L.T. No.: 236258 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 5 | 0 | स. काममा दक्ष | 1000 | ३२,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २९ गते (14 September 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**अल-समित म्यानपावर प्रा. लि.**
श्रम ईजाजत पत्र नं. ४९५/०६१/०६२
सामाखुसी, टाउनप्लानिङ, काठमाडौं, फोन नं.: ४३८२२२२, ४३८२४४४, ४३८६५४४, फ्याक्स: नं. ४३८१३६४
Website: www alsmmc com E mail: alsamitmanpower495@gmail com



ड्रागन फ्रुटका विरुवा तयार गर्दै किसान

भीमदत्त नगरपालिका-९ मटैनाका किसान ड्रागन फ्रुटका विरुवा तयार गर्दै । तस्वीर : राजेन्द्रप्रसाद पनेरु, रासस

# कोरोना संकटमा पनि विकास बैंकहरुको व्यवसायमा उल्लेख्य वृद्धि

## ■ राष्ट्रियस्तरका बैंकहरुको अवस्था राम्रो

**सागर तिमल्सिना/मध्यान्ह**
२२ भदौ, काठमाडौं ।

कोरोना महामारीका बीच पनि 'ख' वर्गका विकास बैंकहरुको कारोबारमा उल्लेख्य वृद्धि भएको देखिएको छ । नेपाल डेभलोपमेन्ट बैंकर्स एसोसिएसनले उपलब्ध गराएको तथ्यांकअनुसार बैंकहरुको कारोबारमा यस्तो देखिएको हो ।

नेपालमा सञ्चालनमा रहेका कूल १८ विकास बैंक मध्ये १५ वटा विकास बैंकले एक हप्तामा समग्रमा ० दशमलब २९ प्रतिशत बढी निक्षेप संकलन गरेका छन् भने ० दशमलब ८७ प्रतिशत बढी कर्जा प्रवाह गरेका छन् ।




### राष्ट्रियस्तरका विकास बैंकको स्थिति

एसोसिएसनले उपलब्ध गराएको तथ्यांकअनुसार राष्ट्रिय स्तरका विकास बैंकहरुले शुन्य दशमलव चार प्रतिशतले निक्षेप संकलन वृद्धि गरेका छन् । त्यस्तै, उनीहरुको कर्जा प्रवाह पनि शुन्य दशमलव ९३ प्रतिशतले बढेको छ ।

अघिल्लो हप्ता करिब ४ खर्ब १५ अर्ब निक्षेप संकलन गरेका बैंकहरुले यो हप्ता करिब ४ खर्ब १६ अर्ब निक्षेप संकलन गरेका छन् । यो रकम गत हप्ता भन्दा करिब १ अर्ब ६६ करोड रुपैयाँले बढी हो । त्यस्तै, अघिल्लो हप्ता करिब ३ खर्ब ६३ अर्ब कर्जा प्रवाह गरेका उनीहरुले यो हप्ता करिब ३ खर्ब ६६ अर्ब रुपैयाँ बढी कर्जा प्रवाह गरेका छन् । यो गत हप्ता भन्दा करिब ३ अर्ब ३८ करोड रुपैयाँले बढी हो । हाल नेपालमा ६ वटा राष्ट्रिय स्तरका विकास बैंकहरु सञ्चालनमा छन् ।

### क्षेत्रीयस्तरका विकास बैंकहरुको स्थिति

यता क्षेत्रिय स्तरका विकास बैंकहरुले यो हप्ता ० दशमलब ३५ प्रतिशत कम निक्षेप संकलन गरेका छन् । त्यस्तै, उनीहरुको कर्जा प्रवाह भने ० दशमलब ५४ प्रतिशतले बढेको छ ।

अघिल्लो हप्ता करिब ७२ अर्ब ४२ करोड निक्षेप संकलन गरेका उनीहरुले यो हप्ता करिब ७२ अर्ब १७ करोड मात्र निक्षेप संकलन गरेका छन् । यो रकम गत हप्ता भन्दा करिब २५ करोड २० लाख रुपैयाँले कम हो ।

त्यस्तै, अघिल्लो हप्ता करिब ६६ अर्ब ८१ करोड कर्जा प्रवाह गरेका विकास बैंकहरुले यो हप्ता करिब ६७ अर्ब १० करोड रुपैयाँ कर्जा प्रवाह गरेका छन् । यो रकम गत हप्ताभन्दा करिब ३६ करोड रुपैयाँले बढी हो । हाल नेपालमा १२ वटा क्षेत्रिय स्तरका विकास बैंकहरु सञ्चालनमा छन् ।

# नेप्सेमा पुनः उच्च अंकको गिरावट




**काठमाडौं/मस-** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार पनि उच्च अंकले ओरालो लागेको छ । आइतबार उच्च अंकले घटेको बजार सोमबार पुनः उल्लेख्यरूपमा उकालो लागेको थियो । शेयर कारोबार हुने साताको तेस्रो दिन मंगलबार नेप्सेमा ४४.१८ विन्दुले ओरालो लागेर दुई हजार ९३६.६० मा ओर्लेको छ ।

यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ५.०५ विन्दुले घटेर ५४८.३५ मा ओर्लेको छ । नेप्से ओरालो लागेसँगै कारोबार रकमसमेत ओरालो लागेको छ । कुल २२२ कम्पनीको एक करोड ५० लाख ८२ हजार ८१ कित्ता शेयर ८६ हजार ५०८ पटक शेयर कारोबार भयो । नेप्सेका अनुसार कूल रु सात अर्ब ४९ करोड ५८ लाख १२ हजार १६१ मूल्यमा खरिद बिक्री भए ।

कारोबार भएका कूल १३ उपसमूहमध्ये दुई उपसमूहको शेयर उकालो लागेको छ । अन्य १९.६६ र सामूहिक लगानी कोष ०.०९ विन्दुले उकालो लागेको छ । यस्तै, बैंकिङ ३३.४९, व्यापार ५४.३७, होटल तथा पर्यटन १०९.१४, विकास बैंक ७१.८१, जलविद्युत् ५१.५, वित्त ४९.२१, निर्जीवन बीमा २९०.२३, उत्पादन १३३.८८, लघुवित्त १४६.७७, जीवन बीमा ३०२.८ र लगानी ०.४४ बिन्दुले ओरालो लागेको छ ।

नेप्सेका अनुसार कारोबारका आधारमा युनाइटेड मोदी हाइड्रोपावर शीर्ष स्थानमा रहेको छ । सो कम्पनीको रु ६१ करोड ९२ लाख ९१ हजार ६९२ मूल्यमा कारोबार भएको छ । अरुण भ्याली हाइड्रोपावर रु ३८ करोड ४२ लाख ८७ हजार ४८२, अपि पावर कम्पनी रु १९ करोड १२ लाख २१ हजार १३७, ज्योति विकास बैंक रु १७ करोड ५७ लाख ८८ हजार र रिडी हाइड्रोपावर कम्पनीको रु १६ करोड चार लाख ९७ हजार ८१५ बराबरको कारोबार भई शीर्ष स्थानमा रहे ।

नेप्सेका अनुसार सानिमा लाइफ इन्स्योरेन्सको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लाग्यो । युनाइटेड मोदी हाइड्रोपावर ७.७८, एचआइडिसीएल ५.१६, युनिलिभर नेपाल ५.०३ र मनकामना स्मार्ट लघुवित्तका लगानीकर्ताले ४.०१ प्रतिशतले कमाए ।

त्यस्तै, आरएमडिसी ७.७३, रुरु जलविद्युत् परियोजना ७.०१, प्रोगेसिभ फाइनान्स ५.६०, फर्स्ट माइक्रोफाइनान्स ५.४८ र माउण्टेन इनर्जी नेपालका लगानीकर्ताले ५.३७ प्रतिशतले गुमाए । मंगलबारको कारोबारपछि बजार पूँजीकरण रु ४१ खर्ब नौ अर्ब ७६ करोड तीन लाख ७४ हजार ११० बराबर पुगेको छ ।

# मेगाले साना विद्युतीय यातायात व्यवसायीलाई सहुलियत कर्जा दिने



**काठमाडौं/मस-** मेगा बैंक नेपालले लघु तथा साना उद्यमीहरुलाई प्रवर्धन गर्ने उद्देश्यले नेको इनर्जी सोलुसन कम्पनीसँग सम्झौता गरेको छ । काठमाडौंको कमलादीस्थित बैंकको कर्पोरेट कार्यालयमा एक समारोहकाबीच मेगा बैंककी नायब प्रमुख कार्यकारी अधिकृत रविना देशराज श्रेष्ठ र नेको इनर्जी सोलुसनका व्यवस्थापकीय निर्देशक मिलनकुमार पौडेलले सम्झौता पत्रमा हस्ताक्षर गरे ।

यस सम्झौता अनुसार, नेको इनर्जी सोलुसनसँग आबद्ध साना विद्युतीय यातायात व्यवसायीहरुलाई स्वरोजगार तथा व्यवसाय संचालनका लागि मेगा बैंकले नेपाल राष्ट्र बैंकको सहुलियतपूर्ण ब्याज अनुदान कर्जा निर्देशिका र बैंकको सहुलियतपूर्ण ब्याज अनुदान कर्जा कार्यविधिको अधिनमा रही सहुलियतपूर्ण कर्जा प्रदान गर्नेछ । कर्जाका लागि नेको इनर्जि सोलुसनले मेगा बैंकलाई सिफारिस गर्ने सम्झौता भएको छ । सम्झौता हस्ताक्षर कार्यक्रममा मेगा बैंककी नायब प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले साना विद्युतीय यातायात व्यवसायीहरुलाई मेगा बैंकका देशभरका शाखाबाट छिटो तथा छरितो ढंगले सहुलियतपूर्ण कर्जा प्रदान गरिने भएकाले आफूलाई पायक पर्ने शाखा कार्यालयहरुमा सम्पर्क गर्न आग्रह गरिन् ।

विपन्न वर्गका ग्राहकहरुलाई वित्तीय साक्षरताका साथै बैंकिङ्ग सेवामा आधुनिकीकरण गर्दै नगदरहित कारोबारमा समेत संलग्न गराउने उद्देश्यका साथ मेगा बैंकले साना विद्युतीय यातायात व्यवसायीहरुलाई ' क्यूआर कोड पेमेन्ट सिस्टम'मार्फत बैंकिङ्ग कारोबारमा पनि वृद्धि गराउने नायब प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले जानकारी दिइन् ।

## वरिष्ठ उपाध्यक्ष ढकाल भन्छन्

# कुरियरले अर्थतन्त्र चलायमान गराउन भूमिका खेल्यो

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ भदौ ।



नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले कोभिड महामारीका बेला अर्थतन्त्रलाई चलायमान बनाउन कुरियर सेवाको भूमिका महत्वपूर्ण रहेको बताएका छन् । नेपाल कुरियर सेवा संघको २७औं वार्षिक साधारणसभालाई सम्बोधन गर्दै वरिष्ठ उपाध्यक्ष ढकालले कुरियर सेवा राज्यका सबै क्षेत्रका लागि आधारभूत आवश्यकताको क्षेत्र रहेकाले यसको सेवामा कुनै अवरोध हुन नहुने धारणा राखे ।

'यसको सेवा विस्तार र पूर्वाधार तयारीका लागि सरकार र निजी क्षेत्रबीच सहकार्य हुनुपर्छ,' वरिष्ठ उपाध्यक्ष ढकालले भने, 'यसका लागि निजी क्षेत्रको छाता संगठनका हैसियतले नेपाल उद्योग वाणिज्य महासंघले पहल गर्नेछ ।'

वरिष्ठ उपाध्यक्ष ढकालले इमेल इन्टरनेटका कारणले कुरियर सेवा छायाँमा परेको जस्तो देखिए पनि यसको महत्त्वमा कहिल्यै कमी नआउने उल्लेख गरे । व्यापार व्यवसायमा मात्र नभइ आमसर्वसाधारण समेतको सेवा दिइरहेको कुरियर सेवा ओझेलमा परेको उल्लेख गर्दै उनले संसारका विकसित मुलुकमा यसको महत्त्वमा कहिल्यै कम नआएको र नेपालले पनि संरक्षण र सम्वर्द्धन न गर्नुपर्ने आवश्यकता औंल्याए ।

ढकालले कुरियर सेवा संघमा सर्वसम्मत नेतृत्व चयन हुनु स्वागतयोग्य रहेको उल्लेख गर्दै यसका लागि संघ नेतृत्वको पहल सह्रानीय रहेको बताए । उनले आफूले सुरुआती दिनमा कार्गो र कुरियर क्षेत्रबाटै व्यवसाय सुरु गरेको स्मरण गर्दै यस क्षेत्रले भोग्नुपरेका समस्या आफूले महसुस गर्नसक्ने धारणा राखे ।

आफूले व्यवसाय सुरु गर्दाका अनुभव सुनाउँदै उनले सुरुआती दिनमा व्यवसायमा समस्या रहे पनि निरन्तर लागिरहे एक दिन अवश्य सफल हुन सकिने बताए । कुरियर व्यवसायमा पहिले अस्वस्थ प्रतिस्पर्धासमेत हुने गरेको स्मरण गराउँदै उनले व्यवसायीलाई सेवामा कुनै सम्झौता नगर्न आग्रह गरे। सेवा शुल्क र अन्य शुल्क पारदर्शी हुनुपर्ने उनको भनाइ छ।

संघको २७ औं वार्षिक साधारणसभाले देवेन्द्र खड्काको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको छ ।

# इन्भेष्टमेन्टको ८७ औं शाखा सिन्धुलीको कमलामाईमा



**काठमाडौं/मस-** नेपाल इन्भेष्टमेन्ट बैंकले ८७औं शाखा सिन्धुलीको कमलामाई नगरपालिकामा स्थापना गरेको छ । नयाँ शाखाको उद्घाटन मेयर खड्कबहादुर खत्री बैंकका प्रबन्धक सुशील कुमार श्रेष्ठले गरे ।

सिन्धुली माडी शाखाले वित्तीय पहुँच बिस्तार तथा वित्तीय साक्षरतालाई फराकिलो पार्ने उद्देश्यले स्थानीय मागलाई पूर्णरुपमा कार्यान्वयन गर्ने उद्देश्य लिएको छ ।

पाँच पटकसम्म फाइनान्सियल टाइम्सबाट 'बैंक अफ द ईयर' अवार्ड पाइसकेको यस बैंक अन्तर ाष्ट्रिय प्रकासन- युरोनोमीबाट अनुकरणीय सेवा र व्यवसायका लागि 'बेस्ट बैंक २०७५ र २०७८' युरोनोमी अवार्डबाट समेत पुरस्कृत भइसकेको छ ।

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**